का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ कात्तिक २०८२
सोमबार
20 October 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ड्रीपर हेर्न्

वर्ष २३, अंक २५४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नेपालीहरूको महान् चाड
शुभ-दिपावली तथा
नेपाल सम्वत ११४६ साथै छठ पर्व २०८२
को सुखद् अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, बिक्रेता एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सम्वृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक
परिवार
हाम्रो आगामी अंक २०८२ कात्तिक ९ गते आइतबारबाट प्रकाशित हुनेछ ।

# कूटनीतिक नियुक्तिमा रुमलिँदै सरकार

सरकार गठन भएको एक महिनापछि सरकारले संवैधानिक आयोगहरुमा रिक्त पदपूर्तिका निम्ति छलफल चलाउन थालेको छ । यही बेला ११ देशका राजदूत फिर्ता भएका छन् । चुनावी सरकार संवैधानिक र कूटनीतिक नियुक्तिमा रुमलिएको भनेर आलोचना भइरहेको छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ कात्तिक

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले गरेको विभिन्न देशका राजदूत फिर्ताको विवादास्पद निर्णयबाट सरकार आफैं संवैधानिक र कूटनीतिक सन्तुलन गुमाउने खतरा निम्तिएको छ । चुनावी प्रयोजनका लागि गठन भएको अन्तरिम सरकारको राजदूत फिर्ताको निर्णयबाट संवैधानिक र कूटनीतिक दुवै जटिलतामा फस्ने देखिएको हो ।

अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा सहयोग गर्ने कूटनीतिक प्रतिनिधि फिर्ता बोलाएर चुनावी सरकारले गलत सन्देश दिएको छ । चुनाव गराउने मुख्य कार्यभार लिएर गठन भएको सरकारले गत असोज ३० गते विभिन्न देशका ११ जना राजदूत फिर्ता बोलाउने निर्णय गरेसँगै चैतर्फी आलोचना भइरहेको छ । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन क्रममा भएका घटनाको छानबिन, भ्रष्टहरूमाथि कानुनी कारबाही, र निष्पक्ष निर्वाचन गराउने मुख्य जिम्मेवारी भए पनि सरकार संवैधानिक, कूटनीतिक, निजामती र सुरक्षा संयन्त्रमाथि हात हालेर गिजोल्ने काम थालेको छ ।

यसले सरकार गन्तव्यमा पुग्न नसक्ने आमटिप्पणी भइरहेको छ । अन्तरिम सरकार राजदूत फिर्तामा अल्मलिँदा मूल उद्देश्य कमजोर बनाइरहेको कूटनीतिक क्षेत्रका विज्ञले बताएका छन् । सरकारको राजदूत फिर्ताको निर्णय संवैधानिक जटिलतासँगै राजनीति तथा कूटनीतिक अपरिपक्व रहेको

पृष्ठ २ मा



**जगदीश खरेल**
सञ्चारमन्त्री

राजनीतिक नियुक्तिमा भएका राजदूतहरूलाई फिर्ता हुन भनिएको छ । सरकारले विदेशस्थित नियोगहरूलाई नयाँ संरचनामा लैजाने तयारी गर्दै छ । यो निर्णय राजनीतिक तटस्थता र कूटनीतिक सन्तुलन पुनर्स्थापना गर्ने उद्देश्यले गरिएको हो ।



**निलाम्बर आचार्य**
पूर्वराजदूत

यो चुनावी सरकार हो । कार्यादेशभन्दा बाहिर गएर चुनावी सरकारले गरेको राजदूत फिर्ता गर्ने निर्णय हास्यास्पद र कूटनीतिक सन्तुलन नै बिगार्ने कदम हो ।



**सीताराम केसी**
वरिष्ठ अधिवक्ता

संसद् विघटन भइसकेको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने स्थिति रहँदैन । सरकारले नयाँ राजदूत सिफरिस गरेको ४५ दिनमा संसदीय सुनुवाइमार्फत नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्था छ ।



तिहारको अवसरमा सिँगारिएको नक्सालस्थित भगवती मन्दिर । तस्बिर : मध्यान्ह

# भदौ २४ को विध्वंसमा संलग्नमाथि कारबाही सुरु

शान्तिपूर्ण आन्दोलनमा सरिक भएर कतिपयले भदौ २४ गते राज्यका महत्वपूर्ण र ऐतिहासिक संरचनामाथि आगजनी र तोडफोड गरेको सरकारको निष्कर्ष छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ कात्तिक

सरकारले गत भदौ २४ गतेको विध्वंसमा संलग्नमाथि कारबाही सुरु गरेको छ । भदौ २३ गते र २४ गते जेनजी आन्दोलन भएको थियो । शान्तिपूर्ण आन्दोलनमा सरिक भएर गलत नियतका साथ कतिपयले भदौ २४ गते राज्यका महत्वपूर्ण र ऐतिहासिक संरचनामाथि आगजनी र तोडफोड गरेको सरकारको निष्कर्ष छ । यही निष्कर्षका आधारमा सरकारले विध्वसंमा संलग्नको खोजी, नियन्त्रण, अनुसन्धान र कारबाही प्रक्रिया सुरु गरेको हो ।



आइतबार मात्रै दोलखाको शैलुङ गाउँपालिका-१ घर भई काठमाडौं महानगरपालिका-३२ जडीबुटी बस्ने ४८ वर्षीय गौतम घिसिङ पक्राउ परे । उनी २४ भदौको जेनजी प्रदर्शन क्रममा प्रहरीमाथि आक्रमण गर्दै हतियार लुटपाटमा संलग्न रहेको प्रहरीको आरोप छ ।

घिसिङलाई नियन्त्रणमा लिएर प्रहरीले थप अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट थप आठ दिन हिरासतमा राख्नेगरी अनुमति लिएको छ । अदालतको अनुमति लिएर ज्यान मार्ने उद्योग र आपराधिक उपद्रव गर्न नहुने कसुरमा अनुसन्धान गरिरहेको काठमाडौं प्रहरी परिसरले जनाएको छ । प्रहरीका अनुसार घिसिङ बैंकिङ कसुर मुद्दाका फरार अभियुक्तसमेत हुन् । उनीमाथि ४ असोज २०७९ र १० फागुन २०७९ मा बैंकिङ कसुर मुद्दामा प्रहरी वृत्त गौशलामा मुद्दा दर्ता भएको थियो । उनै घिसिङ २४ भदौको जेनजी प्रदर्शनका क्रममा प्रहरीमाथि आक्रमण गर्दै हतियार लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परेका हुन् ।

यसअघि तिब्बतीयन ओरिजिनल ब्लड (टिओबी) समूहका तेन्जिङ दावा लामा पक्राउ परेका थिए । प्रहरीका अनुसार उनको नागरिकताको प्रमाणपत्र काठमाडौं जिल्ला प्रशासन कार्यालयको सिस्टममा भेटिए पनि ढड्डामा निवेदनका कागजात भेटिएको छैन ।

पृष्ठ २ मा

# हेलिकप्टरबाट उद्धार गरेपछि सेनाले खोसेको थियो ओलीको मोबाइल

सत्ता गुमेको ४० दिनपछि पत्रकारसँगको संवादमा ओलीले भने- कार्कीलाई मैले सिफारिस गरेको होइन, आयोगलाई बयान दिन्नँ

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ कात्तिक

उच्चस्तरीय जाँचबुझ आयोगले बयान लिने तयारी गरिरहेका बेला तत्कालीन प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले आफू बयान दिन नजाने बताएका छन् । उनले आयोगकै निष्पक्षतामाथि प्रश्न उठाउँदै आएका छन् ।

'केपी ओलीलाई के आरोप लगाएर थुन्न सकिन्छ भनेर यो सरकार लागिरहेको छ' आइतबार काठमाडौंमा केही सम्पादकसँग संवाद गर्दै ओलीले भने, 'सोझो छ भन्दैमा जहाँजहाँ बोलायो, त्यहाँ गएर बयान दिन्नँ ।' पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरिएको छ । आयोग बन्नुअघि नै कार्कीले ओलीलगायतका शीर्ष नेतालाई पक्राउ गर्नुपर्ने भन्दै सामाजिक सञ्जालमा लेखेकाले उनको निष्पक्षतामाथि एमालेले आशंका गर्दै आएको छ ।



जेनजी आन्दोलन (२३-२४ भदौ) भड्किएर सत्ता गुमेको ४० दिनपछि पत्रकारसँग संवाद गर्दै ओलीले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाउन आफूले कुनै सिफारिस नगरेको दाबी पनि गरे ।

आफ्नै सिफारिसमा बनेको कार्की सरकारलाई 'हाहु'बाट बनेको भन्ने अधिकार ओलीलाई नभएको माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल प्रचण्डको टिप्पणीलाई उनले भयानक झुटको संज्ञा दिए । राष्ट्रपतिले कामचलाउ प्रधानमन्त्रीको सिफारिसबिना प्रधानमन्त्री बनाउन गाह्रो हुन्छ भनेपछि आफूले त्यो आग्रह कुरा स्वीकार गरे पनि कार्कीलाई सिफारिस नगरेको ओलीको दाबी छ । 'सेरेमोनियल राष्ट्रपतिले आफैं कार्यकारी निर्णय लिन सक्दैन ।

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## क्रोएसिया राहदानी नवीकरण प्रकरण

# अझै अटेर गर्दै राजदूत रेग्मी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ कात्तिक

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार तथा गैरआवासीय नेपालीहरूको आग्रह बाबजुद अस्ट्रियाको भियनामा रहेको नेपाली राजदूतावासले नवीकरण भएका राहदानी वितरण गर्न क्रोएसिया नजाने बताएको छ ।

नवीकरण भई अस्ट्रियास्थित नेपाली राजदूतावासमा दशैं अगाडि नै पुगेका ४ सय बढी राहदानी अहिलेसम्म नियोगमै थन्किँदा नेपाली कामदारले रोजगारी गुमाएको र तलबसमेत पाउन नसकेको अवस्था उत्पन्न भएको छ । त्यस विषयमा मध्यान्ह दैनिकको आइतबारको अंकमा समाचार प्रकाशित भएको थियो ।

त्यसलगत्तै भियनास्थित नेपाली राजदूतावासले राहादनी वितरणसम्बन्धी अत्यन्त जरुरी सूचना भन्दै टोली लिएर क्रोएसिया नजाने, राहदानी लिन भियना



नै आउनुपर्ने अडान राखेको छ । नेपाली दूतावासले राहदानी लिन आफैं आउन, मञ्जुरीनामासहित प्रतिनिधि पठाउन वा डिएचएल ट्रान्सपोर्ट लेबल बुक गरी पठाउन भनेको छ ।

राजदूतावासको सूचनामा टीआरसी तथा राहदानीको म्याद समाप्त भएका कारण राहदानी लिनका लागि स्वयं उपस्थित हुन असमर्थ भएको अवस्थामा सम्बन्धित व्यक्तिले विश्वासिलो साथीलाई लिखित मन्जुरीनामासहित पुरानो राहदानी दिई पठाएको वा आफू कार्यरत कम्पनीको आधिकारिक व्यक्ति कम्पनीको पत्रसहित राहदानी लिन स्वयं राजदूतावासमा उपस्थित भएको अवस्थामा राहदानी प्रदान गरिने बताएको छ ।

त्यसैगरी दूतावासले सम्बन्धित व्यक्तिले डिएचएल वा अन्य माध्यमको प्रयोग गरी डिएचएल ट्रान्सपोर्ट लेबल बुक गरी राहदानी लिन सकिने बताएको छ । राजदूतावासले ट्रान्सपोर्ट लेबल बुक गर्नु अगावै पुरानो राहदानी राजदूतावासमा प्राप्त भएको हुनु अनिवार्य गरिएको पनि बताएको छ ।

तत्काले राहदानी अनिवार्य भएका नेपालीहरूले भने राजदूतावासको राहदानी वितरणसम्बन्धी पछिल्लो सूचनाप्रति तीव्र असन्तुष्टि जनाएका छन् । हाल क्रोएसियामा रहेका तिलक पौडेल भन्छन्,

पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ कात्तिक २०८२ सोमबार
20 October 2025 Monday

# केन्द्रीय समितिको म्याद थप्न नहुने कांग्रेस विशेष महाधिवेशन पक्षधरको माग



**काठमाडौं/मस-** नेपाली कांग्रेसमा विशेष महाधिवेशन पक्षधरले केन्द्रीय समितिको म्याद थप्न नहुने माग गरेका छन् ।

पार्टीका नेता गुरु घिमिरे, मनोजमणि आचार्य, देवराज चालिसेलगायतले आइतबार पत्रकार सम्मेलन गरी कुनै पनि अवस्थामा केन्द्रीय समितिको म्याद थप्न नहुने बताएका हुन् ।

पार्टीको वर्तमान नेतृत्वले अनावश्यक रूपमा केन्द्रीय कार्यसमितिको बैठक लम्ब्याउने, ढिलो गर्ने र नियमित प्रक्रियामा महाधिवेशन नगरी नेतृत्वमा बसिरहने अस्वाभाविक र अलोकतान्त्रिक अभ्यास गरिरहेको उनीहरूको आरोप छ ।

असोज २८ देखि प्रारम्भ भएको केन्द्रीय समिति बैठक शनिबारसम्म बसेर फेरि छठपछि अर्थात् कात्तिक १३ गतेका लागि बोलाइएको छ । पत्रकार सम्मेलनमा वक्ताहरूले बैठक विनाकारण लम्ब्याउने, ढिला गर्ने र आगामी बैठक पनि कहिले सम्पन्न हुने भनेर टुंगो नभएकाले वर्तमान कार्यसमितिको मनसाय नै समयमा नियमित महाधिवेशन नगर्ने र म्याद थप्नतर्फ उद्यत रहेको आरोप लगाए ।

नेता आचार्यले वर्तमान केन्द्रीय कार्यसमितिको यस्तो प्रवृत्ति आपत्तिजनक रहेको र समयमा नियमित महाधिवेशन नगर्ने मनसायसहित यस्तो कार्य भइरहेको आरोप लगाए ।

'राष्ट्रिय राजनीति अत्यन्त तीव्रताका साथ अगाडि बढिरहेको छ । यस्तो बेला तत्काल देशको अवस्थाअनुसार निर्णय दिनुपर्ने थियो, तर विलम्ब गर्ने, अल्मलिने र पार्टीको नयाँ नेतृत्व चयन गर्न ढिलाइ गर्न खोजिएको छ । यो गलत छ । यस्तो छुट कसैलाई छैन', उनले भने,'आगामी फागुन २१ गते घोषित प्रतिनिधिसभाको निर्वाचनअगावै पार्टी महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरी आगामी चुनावमा जानुको विकल्प छैन । राष्ट्रिय आवश्यकता महसुस गरी विशेष महाधिवेशन माग गरेका छौँ । यसको सुनुवाइ हुनुपर्छ ।'

पार्टी नेता घिमिरेले केन्द्रीय कार्यसमितिले अस्वाभाविक रूपमा कार्यसमिति बैठक लम्ब्याएको आरोप लगाए ।

उनले कार्यसमितिको बैठक अस्वाभाविक रूपमा लम्ब्याइएको भन्दै केन्द्रीय कार्यसमिति महाधिवेशनभन्दा ठूलो नभएकाले महाधिवेशन प्रतिनिधिको आदेशलाई पालना गर्नुपर्नेमा जोड दिए ।

'विभिन्न राजनीतिक दल र कम्युनिष्ट पार्टीले आगामी मंसिरमा महाधिवेशन गर्ने निर्णय गरिसकेका छन् । आफूलाई विश्वको प्रजातान्त्रिक आन्दोलनको नमुना पार्टी भनेर दाबी गर्छौं, उचित निर्णय गरेर देशलाई निकास दिनुपर्नेमा हामी अल्मलिरहेका छौँ, हामीलाई केले रोक्यो ?', घिमिरेले प्रश्न गरे ।

उनीहरूले विधानअनुसार वर्तमान कार्यसमितिले महाधिवेशन गर्नुपर्ने र बहुसंख्यक महाधिवेशन प्रतिनिधिको मतको कदर गर्नुपर्नेमा जोड दिए ।

# लुटिएका हतियार फिर्ता गर्न विशेष अपरेसन सञ्चालन गरिने



**काठमाडौं/मस-** जेन-जी आन्दोलनका क्रममा लुटिएका हातहतियारहरू फिर्ता ल्याउनका लागि गृह मन्त्रालयले विशेष अपरेशन सञ्चालन गर्ने भएको छ ।

आइतबार सिंहदरबारमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै गृहमन्त्री ओमप्रकाश अर्यालले यसबारे जानकारी दिए ।

उनका अनुसार बैठकमा आगामी निर्वाचन तयारीसहितका रणनीतिक योजनाहरू प्रस्तुत गर्न गठित कार्यदलको कामकारबाहीको समीक्षा गरिएको छ ।

गृहमन्त्री अर्यालले बैठकमा देशभर निर्वाचनको वातावरण निर्माण गर्न प्रमुख जिल्ला अधिकारी (सिडिओ) लाई मुख्य जिम्मेवारी दिने निर्णय गरिएको बताए । उहाँले आन्दोलनका क्रममा जेलबाट फरार भएका कैदीबन्दीहरूलाई पुनः कारागार फिर्ता ल्याउन सुरक्षानिकायलाई थप सक्रिय बनाउने निर्णय पनि भएको जानकारी दिए ।

गृहमन्त्री अर्यालले भने,'हामीले यसअघि निर्वाचन तयारीका लागि रणनीतिक योजना बनाउन कार्यदल गठन गरेका थियौं । आइतबारको बैठकमा त्यसको समीक्षा गर्‍यौं । अब प्रमुख जिल्ला अधिकारीहरूलाई निर्वाचनलाई पहिलो प्राथमिकता दिएर कार्यान्वयनमा लगाइनेछ । साथै, जेन-जी आन्दोलनका क्रममा लुटिएका हतियारहरू फिर्ता ल्याउन विशेष कार्यक्रम चलाइनेछ । आन्दोलनका क्रममा विभिन्न कारागारबाट भागेका कैदीहरूलाई नियन्त्रणमा ल्याउन पनि विशेष अभियान सञ्चालन गरिनेछ ।'

उनका अनुसार आगामी निर्वाचनलाई लक्षित गर्दै शान्ति-सुरक्षाको प्रत्याभूति दिलाउनका लागि सुरक्षानिकायहरूबीच संयुक्त पेट्रोलिङ सञ्चालन गरिने निर्णय गरिएको छ । त्यस्तै, गृहमन्त्री अर्यालले राजनीतिक दलहरूलाई पनि निर्वाचनको वातावरण बिग्रिन नदिन सचेत रहन आग्रह गर्दै भने,'राजनीतिक दलहरूले समाजमा रहेका अपराधी र असामाजिक तत्वहरूको दुरुपयोग नगर्ने प्रतिबद्धता जनाउनुपर्छ । देशको शान्ति, स्थायित्व र लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्छ ।'

# सर्वपक्षीय अन्तरिम सरकार गठन गरौं : विप्लव



**काठमाडौं/मस-** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार खारेज गरी सर्वपक्षीय अन्तरिम सरकार गठन गर्न प्रस्ताव गरेका छन् ।

पार्टीले आइतबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले वर्तमान सरकार जेनजी विद्रोहको भावनाविपरीत रहस्यमय ढंगले गठन भएको आरोप लगाउँदै तत्काल खारेज गरी सर्वपक्षीय अन्तरिम सरकार गठन गर्न प्रस्ताव गरेका हुन् ।

वर्तमान सरकारले देशलाई अर्को राजनीतिक संकट र विद्रोहतर्फ धकेल्ने आफ्नो पार्टीको विश्लेषण रहेको उनको भनाइ छ । उनले अन्तरिम सरकारमा जेनजीको सहभागिता समेत हुन नसकेको उल्लेख गर्दै वर्तमान सरकार खारेज गरी जेनजीका प्रतिनिधिहरूको प्रत्यक्ष सहभागितामा सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नुपर्नेमा जोड दिए ।

उनले वर्तमान सरकारले चुनावको वातावरण समेत बनाउन नसकेको आरोप लगाए । उनले जबरजस्ती निर्वाचन गरेर मुलुकलाई दललाको हातमा दिने कार्य गर्ने दिशामा सरार अगाडि बढिरहेको आरोप समेत लगाए ।

नेपालका उत्पीडित, मजदुर, किसान, दलित, महिला, जनजाति, व्यवसायी, बुद्धिजीवी तथा सत्ताबाहिर बसेर देशको स्वायत्तता र स्वाधीनताका लागि लडेका दलहरूलाई समावेश गरेर सर्वपक्षीय सरकारमार्फत संविधान सुधार गरेर मात्र निर्वाचनमा जानुपर्ने उनको जिकिर छ ।

उनले अहिलेसम्म राज्यसत्तामा बसेका नेताहरुको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्न समेत माग गरे । उनले मुलुकमा रहेको कालोधन समाप्त पार्न ५ सय र १ हजार दरका नोटहरु बन्द गर्नुपर्ने बताए ।

## कूटनीतिक...

पूर्वराजदूत निलाम्बर आचार्यले बताए । कार्यादेशभन्दा बाहिर गएर गरेको यो निर्णय हास्यास्पद रहेको उनको टिप्पणी छ । 'यो सरकारले चुनावका लागि विश्वसनीय वातावरण बनाउनतिर नलागेर राजदूत फिर्ता गर्नतिर लाग्नु हास्यास्पद विषय हो,' आचार्यले मध्यान्हसँग भने, '६ महिनाका लागि गठन भएको चुनावी सरकारको १ महिना बितिसकेको छ, यसले चुनावी संशयलाई थप बल पुर्‍याएको छ ।' देशमा अस्थिर राजनीतिक वातावरणबीच सरकारले राजदूत फिर्ता गरेर कूटनीतिक सन्तुलन गुमाउने खतरा निम्त्याएको उनले दाबी गरे । 'कूटनीतिक तवरबाट हेर्दा यसले नेपालको प्रतिष्ठा घटाउने काम गरेको छ । राजदूत फिर्ता बोलाएर फेरि नियुक्त गर्न तीन महिना लाग्ला अनि त्यसपछि आउने अर्को सरकारले यो सरकारले पठाएका राजदूत फेरि फिर्ता बोलाउने ? यो त मुलुकको कूटनीतिक तथा वैदेशिक सम्बन्धमा निकै असर पर्ने विषय हो ।'

अन्तरिम सरकारको निर्णयले कूटनीतिक सेवा क्षेत्र फेरि एकपटक पुनर्गठनको चरणमा पुगेको छ । राजदूत फिर्ता बोलाउने निर्णयले विदेशस्थित नियोगमा रिक्तता सिर्जना हुने संवैधानिक तथा कूटनीतिक क्षेत्रका जानकारले बताएका छन् । यो निर्णयबाट सरकार संवैधानिक रूपमा पनि समस्यामा पर्ने वरिष्ठ अधिवक्ता सीताराम केसीले बताए । 'संसद् विघटन भइसकेको अवस्थामा संसदीय सुनुवाइ हुन सक्ने स्थिति रहँदैन । सरकारले नयाँ राजदूत सिफरिस गरेको ४५ दिनमा संसदीय सुनुवाइमार्फत नियुक्ति गर्नुपर्ने कानुनी व्यवस्था छ । संसदीय सुनुवाइ विशेष समिति नै नरहेकाले नयाँ राजदूत नियुक्त गर्ने संवैधानिक प्रक्रिया सम्भव नभएको र विदेशस्थित नेपाली दूतावास कूटनीतिक 'भ्याकुम'मा फस्ने जोखिम बढेको छ ।'

अघिल्लो केपी ओली नेतृत्वको सरकारले नियुक्त गरेका राजदूत फिर्ता बोलाएर अरूलाई नियुक्त गर्ने प्रक्रियाका लागि सरकारलाई कम्तीमा तीन महिना लाग्ने देखिन्छ । तीन महिनामा कार्की सरकारका आयुनै सकिने र नयाँ सरकार आएसँगै सुशीलाले पठाएका राजदूत फिर्ता गर्दै अरू नियुक्त हुने स्थिति बन्दा वैदेशिक सम्बन्ध तथा कूटनीतिक पक्ष झनै कमजोर हुने निश्चित छ । चुनाव गराउने विषयमा राजनीतिक दलहरू, सुरक्षा निकाय, जेनजी समूह र सरोकारवाला पक्षप्रति सरकारले विश्वसनीय वातावरण बनाउनुपर्नेमा सरकार उल्टो बाटो हिँडेको सरोकारवालाले आरोप लगाएका छन् । राजनीतिक दल वर्तमान सरकारले चुनाव गराउनेभन्दा अन्यत्रै बढी केन्द्रित भएको देखिएको नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले बताए । उनले मध्यान्हसँग भने, 'अहिलेको सरकारले राजदूत फिर्ता गर्ने, अर्कोलाई नियुक्त गर्ने, कर्मचारी तथा सुरक्षा अधिकारीहरूको सरुवा बढुवा, राजनीतिक दललाई निषेध गर्नेलगायतका काममा लाग्नै हुँदैन । यो सरकारको काम चुनाव गराउने हो, सबै सरोकारवालाप्रति विश्वास आर्जन गरेर समयमा चुनाव गराओस् ।'

नेपालका आवासीय राजदूत डा. कृष्णप्रसाद ओली (चीन), लोकदर्शन रेग्मी (अमेरिका), चन्द्र घिमिरे (बेलायत), नेत्र तिम्सिना (मलेसिया), शैल रुपाखेती (जर्मनी), धनप्रसाद पण्डित (इजरायल), जंगप्रसाद चौहान (रुस), सनिल नेपाल (स्पेन), रमेशचन्द्र पौडेल (कतार), नरेशविक्रम ढकाल (साउदी अरब), दुवसु क्षेत्री (जापान)लाई सरकारले कात्तिक २० भित्र नेपाल फर्कन निर्देशन दिइसकेको छ । ओली सरकारले नियुक्ति गरेका १७ मध्ये भारतका शंकरप्रसाद शर्मासहित सात राजदूतलाई भने फिर्ता बोलाइएको छैन । गत असारमा ओली नेतृत्वको राजनीतिक कांग्रेस-एमाले सरकारले भागबन्डामा १७ राजदूत नियुक्त गरेको थियो त्यसबेला चीन, अमेरिका, बेलायत, मलेसिया र कतारमा रहेका पाँच जना एमाले कोटाबाट नियुक्त भएका थिए भने बाँकी कांग्रेस कोटाबाट नियुक्त पाएका थिए ।

सरकारकारले भने केही राजदूतहरूले कार्यकालमा सरकार परिवर्तनपछि समन्वयमा कमजोरी देखाएका र नीति-निर्णयमा तटस्थता कायम गर्न नसकेका कारण फिर्ता बोलाउने निर्णय गरेको जनाएको छ । नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राजनीतिक तटस्थता र कूटनीतिक सन्तुलन पुनर्स्थापना गर्ने उद्देश्यका लागि सरकारले राजदूत फिर्ताको निर्णय गरेको बताए । उनले भने, 'राजनीतिक नियुक्तिमा भएका राजदूतहरूलाई कात्तिक २० भित्र फिर्ता हुन भनिएको छ । सरकारले विदेशस्थित नियोगहरूलाई नयाँ संरचनामा लैजाने तयारी गर्दै छ । यो निर्णय राजनीतिक तटस्थता र कूटनीतिक सन्तुलन पुनर्स्थापना गर्ने उद्देश्यले गरिएको हो ।' दलहरूले भने यो कदमलाई 'राजनीतिक बदला र अस्थिरता निम्त्याउने निर्णय' भन्दै आलोचना गरेका छन् ।

### सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट

राजदूतहरू फिर्ता बोलाउने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । पत्रकार सुनिल भट्टराईले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र परराष्ट्र मन्त्रालयलाई विपक्षी बनाएर सरकारको सो निर्णय बदर गर्न माग गर्दै रिट दायर गरेका हुन् ।

सर्वोच्चले उक्त रिटमा कात्तिक ९ गतेका लागि प्रारम्भिक सुनुवाइ (पेसी) तोकेको छ । रिटमा मन्त्रिपरिषद्ले मिति २०८२ असोज ३० गते गरेको राजदूत फिर्ता निर्णय संविधान र कानुनविपरीत रहेको बताउँदै सो निर्णय कार्यान्वयन नगर्नू र नगराउनू सर्वोच्चसँग अन्तरिम आदेशको माग गरिएको छ । रिट निवेदनमा प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको वर्तमान सरकार केवल चुनाव सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने म्यान्डेटसहित गठन भएकाले दैनिक प्रशासनिक कामबाहेक दूरगामी राजनीतिक र कूटनीतिक असर पार्ने निर्णय गर्न संविधानले अनुमति नदिएको दाबी गरेका छन् । प्रतिनिधि सभा विघटन भइसकेको र नयाँ निर्वाचन मिति तोकिएको अवस्थामा मन्त्रिपरिषद्को सिफारिसमा संसदीय अनुमोदनपछि राष्ट्रपतिद्वारा नियुक्त राजदूत फिर्ता बोलाउँदा नेपालको कूटनीतिक प्रतिष्ठामा नकारात्मक असर पर्ने जिकिर गरिएको छ ।

संसदीय सुनुवाइ विशेष समिति नै नरहेकाले नयाँ राजदूत नियुक्त गर्ने संवैधानिक प्रक्रिया सम्भव नभएको र विदेशस्थित नेपाली दूतावासहरू कूटनीतिक 'भ्याकुम'मा फस्ने जोखिम बढेको रिट निवेदनमा उल्लेख छ । मन्त्रिपरिषद्ले एकै दिन सिफारिस भएका कतिपय राजदूतलाई फिर्ता बोलाएर केहीलाई यथावत् राख्नु समानताको हकविपरीत भएको रिटमा दाबी गरिएको छ । २०८२ भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई नियुक्त गरेर ६ महिनाभित्र निर्वाचन सम्पन्न गर्ने म्यान्डेट दिइएको थियो ।

## भदौ...

पेस्तोल देखाएको भिडिओ बनाउँदा पक्राउ परेका लामाको जन्मदर्ता र नागरिकता नै शंकास्पद रहेको विषयमा जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरिरहेको छ । यसबारे बुझ्न प्रहरीले काठमाडौं महानगरपालिका-६ को वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेको छ ।

जेनजी आन्दोलनका क्रममा नेताहरूको घर तोडफोड गर्नेहरू समेत पक्राउ पर्न थालेका छन् । नेपाली कांग्रेसका महामन्त्री गगन थापाको घरबाट फ्रिज र उफर चोरी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । प्रहरी वृत्त गौशालाले सिन्धुली घर भई हाल रातोपुलमा डेरा गरी बस्दै आएका ४० वर्षीय रमेश थामीलाई पक्राउ गरेको हो । गौशाला प्रहरीका अनुसार थामीको साथबाट फ्रिज र उफरसमेत बरामद गरिएको छ ।

भ्रष्टाचारविरुद्ध आन्दोलनमा उत्रिएका जेनजीमाथि राज्य पक्षले दमन गर्दा भदौ २३ गते एकै दिन कम्तीमा २१ जनाको प्रहरीको गोली लागेर ज्यान गएको थियो । त्यसको भोलिपल्टको प्रदर्शनले विध्वंसको रूप लिएको थियो । नयाँ बानेश्वरस्थित संसद् भवन, केन्द्रीय प्रशासनिक निकाय सिंहदरबार, सर्वोच्च अदालतसहितका महत्वपूर्ण संरचनामा आगजनी भएको थियो । ठुला दलका पार्टी कार्यालय र शीर्ष नेताका घरमा आगजनी र तोडफोड भएको थियो । धेरैजसो ठाउँमा लुटपाट भएको छ ।

आन्दोलनका नाममा विध्वंस मच्चाउने र लुटपाटमा संलग्नमाथि प्रहरीले अनुसन्धान सुरु गरेको हो । अपराधिक मानसिकता र पृष्ठभूमिका व्यक्तिहरूबारे अनुसन्धान गरेर पक्राउ गर्दै कारबाही प्रक्रिया अगाडि बढाएको हो ।

## हेलिकप्टरबाट...

जटिल अवस्थामा मैले त्यो सिफारिस गरेको हुँ,' उनले भने, 'तर मैले सुशीला कार्कीलाई सिफारिस गरेको होइन ।'

आफूले राष्ट्रपतिलाई गरेको सिफारिस उद्धृत गर्दै ओलीले भने, 'वर्तमान असहज र असाधारण अवस्था उत्पन्न भएको परिस्थिति नियन्त्रण गरेर शान्तिपूर्ण रूपमा फर्काउन आवश्यक रहेकाले यसको समाधान लोकतान्त्रिक प्रणाली भित्रैबाट खोज्न राष्ट्रपतिसमक्ष आवश्यक कदम चाल्न सिफारिस गर्छु भनेर लेखेको थिएँ ।'

आफूले संविधानबाहिर जान नहुने र संसद् विघटन गर्न नहुने अडान लिएको उनको दाबी छ । राष्ट्रपति रामचन्द्र पौडेल र सेनापति अशोकराज सिग्देलले पनि आफ्नो प्रस्ताव स्वीकारे पनि असंवैधानिक ढंगले सरकार गठन गरिएको र संसद् विघटन गरिएको ओलीको टिप्पणी छ । प्रतिनिधि सभाको बैठक राखेर धारा ७६ मा एउटा उपधारा थपेर गैरसांसद् पनि प्रधानमन्त्री हुने प्रावधान राखेको भए संविधानभित्रैबाट समाधान निस्कने अवस्था रहेको उनले बताए । तर संसद् विघटनलाई नै सर्त बनाएर सरकार बनाइएकाले त्यो प्रतिगमन भएको उनको टिप्पणी थियो । 'हिजो झन्डै दुई तिहाइ बहुमतको सरकार चल्न सक्ने स्थिति भएन भनेर संसद् विघटन गर्दा तपाईंहरूले प्रतिगमन भन्नुभयो,' ओलीले पत्रकारप्रति कटाक्ष गरे, 'अहिले प्रतिगमन भन्नुहुन्न । सेल्फ सेन्सर सिप होला ।'

ओलीले नेपाली सेनाले आफूप्रति गरेको व्यवहारप्रति पनि छोटो टिप्पणी गरेका छन् । प्रधानमन्त्रीबाट राजीनामा दिएपछि बालुवाटारबाट आफू सेनाको सुरक्षामा रहेको उल्लेख गर्दै उनले भने, 'मैले राजीनामा दिएपछि सेनाको सुरक्षामा थिएँ । मेरो मोबाइल फोनसमेत सिज गरिएको थियो । पछि प्रधानमन्त्रीको शपथग्रहणपछि मात्रै मैले मोबाइल पाएँ ।' उनलाई बालुवाटारबाट मकवानपुरको सुपारीटारमा रहेको सैनिक गणमा लगिएको थियो ।

तत्कालीन प्रधानमन्त्री ओलीले जेनजी आन्दोलन र विध्वंशलाई एउटै 'च्याप्टर'मा राखेर हेर्न नहुने बताएका छन् । भदौ २३ गते माइतीघर मण्डलादेखि नयाँ बानेश्वरको एभरेस्ट होटलअगाडिसम्म वास्तविक आन्दोलन भएको उनको भनाइ छ । 'जेनजी आन्दोलन त्यहीँ सकिएको थियो । घर फर्किन सक्कली जेनजीले आह्वान पनि गरिसकेपछि बुलेट बाइकमा आएका बिओटी (ब्लड अफ तिब्बत)ले घुसपैठ गरेर संसद् भवनसम्म लगियो' ओलीले भने, 'यो अर्को च्याप्टर हो । भदौ २४ का लागि पृष्ठभूमि बनाउन आवेग र उत्तेजनाका लागि भड्काएको थियो । तेस्रो च्याप्टर कुनै आन्दोलन थिएन, पुरै विध्वंश थियो ।'

## अझै ...

'कस्ता कस्ता मान्छेहरू जनताको काम गर्न भनेर र ाजदूतावासमा आउँछन्, भिसा नभएको, टीआरसी नभएको भनेर क्रोएसियामा आएर बायोमेट्रिक गरिदिने अहिले पासपोर्ट नवीकरण भएर आइसकेकालाई स्वयं व्यक्ति उपस्थित हुनुपर्छ भन्ने यो कस्तो पागलपन हो । नवीकरण भएको पासपोर्ट लिएर नआउने भए किन जाग्रेव आएर नवीकरण गरिदिएको ?'

त्यस्तै राजेश केसी आक्रोश व्यक्त गर्दै भन्छन्, 'मैले पासपोर्ट हारभाट्सकम पोष्टामार्फत पठाएको थिएँ । पासपोर्ट प्राप्त भए-नभएको इमेलको जवाफ पनि दिनुभएन । फोन गर्दा उठाउनु हुन्न । भियाना जान नसक्नेहरूका लागि भनेर जाग्रेवमा घुम्ती शिविर गर्ने अनि पासपोर्ट लिन चाहिँ भियाना नै आइज भन्ने, यो कस्तो चरित्र हो ? यदि भियना आउन सक्ने भए त घुम्ती शिविर चलाउनै पर्ने थिएन होला नि ? मर्न नि पाउँदैनस् भन्ने अनि बाँच्न नि नदिने खालको व्यवहार ठिक भएन है ।'

त्यस्तै होम अधिकारी भन्छन्, 'किन यसो गरिँदैछ, नवीकरण गरेका सबै साथीहरू टिआरसीविहीन भएर आउने कुरै भएन । दुई-चार जना होइन ४ सय पासपोर्ट कसरी सम्भव हुन्छ ? एक दिन जाग्रेव आएर एक जना कर्मचारीले वितरण गर्दा सकिने कुरा किन अनेक बाहाना बनाउँदै हुनुहुन्छ ? जसरी भएपनि एक दिन जाग्रेवमा आएर सेवा दिन अनुरोध छ ।'

नेपालबाट नवीकरण भएर गएका राहदानी नपाउँदा कैलालीका २५ वर्षीय इन्द्र साउदसहित ४ जना घर फर्केका छन् । अन्य ४ सय नेपाली बाध्यतावश फर्किनुपर्ने अवस्थामा पुगेको नेपाली कामदरले गैरआवासीय नेपाली संघ (एनआरएनए)लाई जानकारी गराएका छन् । संघले त्यहाँ लामो समयदेखि नेपाली समुदायलाई अविभावकत्व प्रदान गरिरहेको छ । क्रोएसियाको दक्षिणी सहर स्पिल्टमा सामान डेलिभरी गर्ने काम गरिरहेका प्रदीप राउतले भियनास्थित नेपाली राजदूतावासमा भरतकुमार रेग्मी राजदूत भएर आएपछि राहदानीवाहक व्यक्ति सशरीर राजदूतावासमा उपस्थित भएर भरपाई गरेर मात्रै राहदानी लैजानुपर्ने अव्यवहारिक नियम लगाइएको बताए । कतिपय नेपालीहरूले सहज अवस्थामा राहदानीसम्बन्धी घुम्ती टोली लिएर जाने, नेपालीहरूकै आतिथ्यतामा रमाइलो गर्ने, तर अवैधानिक बन्ने पेचिलो अवस्थामा बाहाना बनाउने भन्दै आक्रोश व्यक्त गरेका छन् ।

राजदूत रेग्मीले भने नवीकरण भएर भियना पुगेका ४ सयमध्ये आइतबारसम्म १५० राहदानी सम्बन्धित व्यक्तिलाई बुझाइसकेको बताउँदै सोमबार र मंगलबार पनि राजदूतावास खुला रहने भएकाले अन्यले पनि लैजान सक्ने बताए ।

राजदूत रेग्मीले भियनास्थित नेपाली राजदूतावासले क्रोएसिया, ग्रीस, स्लोभेनिया, अल्बानिया, बोस्निया, हर्जगोभिना, जर्जिया, उत्तरी म्यासेडोनिया र भियनास्थित संयुक्त राष्ट्रसंघको कार्यालयमा समेत प्रतिनिधित्व गर्नुपर्ने भएकाले नेपालीहरूले अपेक्षा गरेजस्तो तत्कालै क्रोएसियामा शिविर सञ्चालन गर्ने सम्भावना नरहेको बताए ।

उनले शिविर सञ्चालन गर्न कूटनैतिक अनुमतिसमेत लिनुपर्ने अवस्था रहेको भन्दै दूतावासले आइतबार सार्वजनिक गरेको सूचनाको व्यवस्थाअनुसार नवीकरण भएका राहदानी लैजाने प्रबन्ध गर्न आग्रह गरे । उनले भने, 'सीमित जनशक्तिबाट अधिकतम सेवा दिने प्रयास गरिएको छ, कसैप्रति पक्षपात गरिएको छैन ।'

परराष्ट्रका कर्मचारी भए पनि नेताको चाकडीमा माहिर मानिएका र चाकडीकै कारण परराष्ट्रका अन्य कतिपय सक्षम कर्मचारीहरुलाई पछि पार्दै राम्रो अवसर हत्याइरहेका रेग्मीले अहिले क्रोएसियाका नेपालीहरूलाई दिएको दुःखले हद नाघेको पीडितहरूले सार्वजनिक गरिरहेका छन् । राजदूत रेग्मी जस्ता गैरजिम्मेवार व्यक्तिलाई परराष्ट्र मन्त्रालयले तत्काल कारबाही गर्नुपर्ने माग पनि बढिरहेको छ ।


## मलेसियामा रोजगार

कम्पनी: TIARANASA GUARDFORCE TS SENDIRIAN BERHAD
पूर्व स्वीकृत मिति: २०८२/०७/०२
चलानी नं.: ६०२४६३५८
शहर : MALAYSIA
LT. No.: 332271

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १० गते (27 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT.LTD.**
Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com



# जटिल परिस्थितिमा पार्टीको भूमिका अझ बढेको छ : प्रचण्ड

**ललितपुर/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) महाधिवेशन आयोजक समितिका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अहिलेको परिस्थिति असाधारण र जटिल रहेको उल्लेख गर्दै अप्ठ्यारो परिस्थितिमा पार्टीको भूमिका बढेको बताएका छन् ।



माओवादी केन्द्र ललितपुर महानगरपालिका समितिको आयोजनामा आइतबार महालक्ष्मीस्थानमा भएको नेपाल संवत् ११४६ को उपलक्ष्यमा आयोजित शुभकामना आदानप्रदान, चियापान तथा भेटघाट कार्यक्रममा उनले अहिलेको अवस्थामा पार्टीलाई ठूलो जिम्मेवारी आएकाले १० बुँदे मार्गदर्शन जारी गरिएको बताए ।

'गत भदौ २३ गते जेन जीले बेथिति, भ्रष्टाचार र कुशासनको विरुद्धमा आन्दोलित भएर राजनीति र देशप्रतिको मायाका साथै सुधारका लागि शक्ति प्रदर्शन गरेको हो, तर भदौ २४ गतेको आन्दोलनले देशमा कति खतरनाक ढंगले गलत प्रवृत्तिको विकास हुँदैछ भन्ने पनि शिक्षा दिएको छ, यो हामीले बुझ्नुपर्छ, त्यसपछि हामी सबैले मुलुकमा राज्यविहीनताको अवस्थालाई अन्त्य गर्न भूमिका निर्वाह गर्‍यौँ', उनले भने ।

संयोजक 'प्रचण्ड'ले जेन जी आन्दोलनका माग पनि पार्टीकै माग भएकाले आफूहरूले समर्थन गरेको उल्लेख गर्दै युवाको चाहाना र भावनाअनुसार पार्टी रूपान्तरण हुनुपर्नेमा जोड दिए ।

'परिवर्तित परिस्थितिमा पनि रूपान्तरण हुने पार्टी माओवादी हो, जेन जी युवासँग पनि निरन्तर संवाद र छलफल भइरहेको छ, संविधान संशोधन गरेर उनीहरूले बुझ्नुपर्छ, क्रान्तिकारीहरूले दुष्मन र मित्र चिन्नुपर्छ, यो कुरा नवयुवाहरूले बुझ्नुपर्छ', उनले भने ।

उनले सुशासन, सामाजिक न्याय, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विषयमा आमजनता र युवालाई बुझाउन आवश्यक रहेको बताए ।

'लेनिनले भनेको जस्तो क्रान्तिकारी पार्टीले र नेताले मात्र गल्ती स्वीकार गर्छन्, बुर्जुवा र प्रतिक्रान्तिहरूले गल्ती स्वीकार गर्दैनन्, जनताको नेतृत्व गर्ने पार्टीका रूपमा हामी फेरि रूपान्तरण हुनुपर्नेछ, भ्रष्टाचारीको संरक्षण गर्नेहरू र क्रान्तिकारीहरू एकै हैनन्', उनले भने ।

उनले प्रतिक्रियावादी र प्रतिक्रान्तिवादीहरूले पूर्व सभामुख कृष्णबहादुर महरालाई गलत सन्देश, बेइमानी र षड्यन्त्रको सुरुआत गरेको धारणा राखे ।

संयोजक प्रचण्डले पार्टीको नेतृत्वमा को हुनुपर्छ वा को हुनुहुँदैन भनेर पत्रकारहरूले भन्ने हैन भन्दै त्यसको निराकरण सम्बन्धित पार्टीका सदस्यहरूले गर्ने विषय भएकामा ध्यानाकर्षण गराए ।

केन्द्रीय महाधिवेशन आयोजक समिति सदस्य एवं पूर्वमन्त्री पम्फा भुसालले जनताका अधिकतम अधिकारलाई प्रत्याभूति गर्ने संविधान लेखेको उल्लेख गरे । उनले समाजवादी जनक्रान्ति सफल बनाउन जेन जी समूहका नवयुवा पुस्ताले गरेको मागअनुसारको सुशासन र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै लैजानुपर्नेमा उनको जोड थियो । उनले दश वर्षे जनआन्दोलनमा समेत नभएको विध्वंस जेन जी आन्दोलनमा संविधान र व्यवस्था मास्ने षड्यन्त्रविरुद्ध राष्ट्रपतिले खेलेको भूमिकाले आन्दोलनलाई शान्त बनाएको बताउँदै फागुन २१ गतेको निर्वाचनलाई सफल बनाउन आवश्यक रहेको बताए ।

नेकपा (माओवादी केन्द्र) ललितपुर महानगर इन्चार्ज एवं संविधानसभा सदस्य राजकाजी महर्जनले पार्टीलाई उत्साहका नयाँ खालको जिम्मेवारीमा रूपान्तरण गर्न सन्देश प्रवाह गर्ने उद्देश्यका साथ विशेष कार्यक्रम आयोजना गरिएको बताउँदै तल्लो तहसम्म नयाँ कार्य योजनासहित अगाडि बढ्ने प्रतिबद्धताका साथ क्रियाशील रहेको जानकारी गराए । ललितपुर महानगर समितिका अध्यक्ष रवीन्द्र महर्जनले पार्टीलाई समुदायमा स्थापित गराउँदै जानुपर्नेमा जोड दिए ।

# प्रेस काउन्सिल नेपालद्वारा सञ्चारमन्त्रीसमक्ष कार्ययोजना पेस



**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले आचारसंहिता एवं मिडिया अनुगमनलाई थप प्रभावकारी बनाउने भएको छ । यसका लागि काउन्सिलले कार्ययोजना तयार गरेको छ ।

प्रस्तावित सो कार्ययोजना काउन्सिलका पदाधिकारी र कर्मचारीसहितको टोलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसमक्ष पेस गरेको छ ।

आइतबार सिंहदरबारस्थित मन्त्रालयमा सञ्चारमन्त्री खरेललाई आगामी कार्यक्रमको कार्ययोजना पेस गरेको हो । सो अवसरमा उनले काउन्सिलको अनुगमनलाई सहजीकरण गर्न मन्त्रालयले आवश्यक सहयोग गर्ने जानकारी दिए । उनले अनुगमन, तथ्य जाँच र निर्वाचन विशेष अनुगमनलाई प्रभावकारी बनाउन आग्रह गरे ।

प्रस्तावित कार्ययोजनाअनुरुप यही कात्तिकसम्म विशेष अनुगमन, मंसिरदेखि तथ्य जाँच तथा आगामी फागुन २१ गतेका लागि घोषित निर्वाचन सन्दर्भमा विशेष अनुगमन गरिनेछ । यसका लागि आवश्यक प्रस्तावित बजेट र कार्यक्रम ढाँचा पनि काउन्सिलले हस्तान्तरण गरेको छ ।

काउन्सिलका सदस्य शन्तराम बिडारीका अनुसार काउन्सिलको आचारसंहितासम्बन्धी अनुगमनलाई विशेष रुपमा अनुगमन गर्न तथ्य जाँच र सरकारले निर्वाचन सफल पार्ने लक्ष्यमा निर्वाचनसम्बन्धी आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाउन प्रस्तावित कार्ययोजना पेस गरिएको छ । सञ्चारमन्त्री खरेलले हालै काउन्सिलको भ्रमणको सिलसिलामा काउन्सिलको कामलाई गतिशील र प्रभावकारी बनाउन आवश्यक कार्ययोजना ल्याउन निर्देशन दिएका थिए । सोही अनुरुप काउन्सिलले कार्ययोजनासहित आफ्नो सक्रियता बढाएको हो ।

# पोर्चुगलमा एक नेपाली युवा बेपत्ता खोजी गरिदिन परिवारको आग्रह

**भरत प्रधान/मध्यान्ह**
पोर्चुगल, २ कात्तिक

वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका एक नेपाली युवा बेपत्ता भएका छन् ।



तनहुँ, भानु नगरपालिका-९ पिपल पानी घर भइ विगत दुई वर्षदेखि पोर्चुगल बस्दै आएका ३४ वर्षीय जितेन्द्र पाण्डे बेपत्ता भएका हुन् । उनी गत साता सोमबारदेखि राजधानी लिस्बन नजिकैको सिन्ट्रा क्षेत्रबाट सम्पर्कविहीन भइ बेपत्ता भएको पाण्डेका साथी विदुर तामाङले जानकारी दिए । गत आइतबार राति घरमा तामाङको आएका पाण्डे साथीको फोन आयो भनेर गएका थिए । त्यसपछि पाण्डे सम्पर्कविहीन भएको तामाङले बताए ।

सँगै काम गर्ने साथीलाई आफ्ना लागि पनि खाना लगिदिन भनेका पाण्डे सोमबार काममै नगएपछि उनको खोजी गरिएको थियो । 'पाण्डे सम्पर्कविहीन भएपछि नेपालस्थित परिवारलाई सम्पर्क गरेका थियौं, त्यहाँबाट पाण्डेले बिहान आफन्तलाई फोन गरेर केही दिन सम्पर्कमा हुन्न भनेको खबर प्राप्त भयो, अहिले उनको कसैसँग पनि सम्पर्क छैन', तामाङले भने । पाण्डेको खोजीका लागि रोजगारदातामार्फत मंगलबार नै स्थानीय प्रहरीलाई खबर गरिएको उनले बताए ।

बेपत्ता भएका पाण्डेको रेसिडेन्सी कार्ड, बैंक कार्ड र राहदानीका साथै सबै सामान उनी बस्ने कोठामै भेटिएको छ । पाण्डेको नेपालमा वृद्ध बाबुआमा र दिदीबहिनी छन् ।

पाण्डे बेपत्ता भएको खबर दूतावासलाई प्राप्त हुनासाथ तत्काल खोजबिनका लागि स्थानीय प्रहरी प्रशासनलाई खबर गरिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिए । उनको खोजीका लागि दूतवालले सक्दो पहल गरिरहेको राजदूत पौडेलले बताए । क्रोएसिया हुँदै दुई वर्षअघि पोर्चुगल आएका पाण्डे सिन्ट्रास्थित एक प्याकिङ कम्पनीमा कार्यरत थिए ।

# जेनजी आन्दोलनपछि देशभर १५ हजार बढी मजदुरको रोजगार प्रभावित : महासचिव राई

**काठमाडौं/मस-** नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव तथा आईटिएफ, लण्डनका बोर्ड सदस्य अजयकुमार राईले नेपालका हरेक आन्दोलन र परिवर्तनहरुमा श्रमिक वर्गको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरेका छन् ।



इन्टरनेशनल ट्रान्सपोर्ट वर्कस फेडेरेशन (आईटिएफ )लण्डनको विश्व कार्य समितिको ब्राजिलको रिय द जेनरियोमा आयोजित बैठकमा भाग लिन पुगेका राईले नेपालमा भएको जेनजी आन्दोलनबाट श्रमिकहरु पनि प्रभावित भएको बताए । उनले आन्दोलनका कारण देशभर हजारौ को संख्यामा मजदुरहरु प्रभावित भएको र १५ हजार बढिले रोजगारी गुमाएको जानकारी दिए ।

अन्तर्राष्ट्रिय बैठकमा विशेष समय लिएर बोल्दै फेडेरेसनका बोर्ड सदस्य राईले वर्तमान नेपालको अवस्थाबारे आफनो धारणा राखेका थिए । सो अवसरमा उनले नेपालमा भएको जेनजी आन्दोलनमा उठेका सुशासन, बेरोजगारी, दण्डहीनता, नातावाद, कृपावाद साथै भ्रष्टाचारका विषयमा आफूहरुको संस्थागत धारणा गत श्रावण २ गते नै मिडिया मार्फत आइसकेको बताए ।

आफ्नो संस्थाका तर्फबाट जेनजी ले उठाएका मुद्दाहरु लाई लिएर तत्कालीन सरकारलाई श्रावण २ गते नै मिडिया मार्फत झकझक्याएको पनि बैठकमा जानकारी गराए । आन्दोलनमा करिब ७६ जनाले ज्यान गुमाएको, विभिन्न सरकारी, व्यापारिक प्रतिष्ठानहरु, व्यक्तिगत सम्पत्तीहरु आन्दोलनको दोस्रो दिन तोडफोड तथा आगजानीमा जेनजीहरुले आफनो प्रत्यक्ष संलग्नता नरहेको भनि बताएको पनि स्पष्ट पारे ।

घटनाका विषयमा अन्तरिम सरकारले छानविन समिति बनाइसकेकाले तथ्य बाहिर आउने बैठकमा जानकारी गराए । बैठकमा उनले मुलत लोकतन्त्रको आधार श्रमिक आन्दोलन नै हुने भएकाले कतै ट्रेड युनियनहरु माथि पनि समस्या हुन्छ कि भन्ने चिन्ता पनि व्यक्त गरे ।

आगामी फागुन २१ गतेको निर्वाचन हुनुपर्नेमा जोड दिँदै उनले लोकतन्त्र बिना ट्रेड युनियन तथा मानवअधिकार पनि समस्यामा रहने भएकोले आगामी दिनमा फेडेरेशनको सक्रियतामा अन्तर्राष्ट्रिय ट्रेड युनियन क्षेत्रका सबै ग्लोबल युनियनहरुको प्रतिनिधिहरु सम्मिलित उच्च स्तरीय मिसन नेपाल भ्रमणमा आउने आग्रह समेत गरे ।

नेपालबाट सन् २०२९ सम्मका लागि सो फेडेरेशनको विश्व कार्य समितिमा नेपालका तर्फ बाट प्रतिनिधित्व गरेका महासचिव राईले बैठकमा २००२ मा पनि राजा ज्ञानेन्द्रले शासन लिंदा लोकतन्त्रका खातिर फेडेरेशनले तत्कालीन अवस्थामा वाह्य देशमा रहेका नेपालका १७ वटा कूटनीतिक कार्यलयहरु अगाडि आफनो आवद्ध संस्थाहरुमार्फत लोकतन्त्र बहालीका लागि प्रदर्शन गरेको पनि स्मरण गराएका थिए । बैठकमा नेपाललगायत विभिन्न देशमा भएका राजनीतिक घटनाक्रमहरुले लोकतन्त्रमा समस्या पर्छ कि भन्ने चिन्ता व्यक्त गर्दै फेडेरेशनका महासचिव स्टीफन कटनले लोकतन्त्र, ट्रेड युनियन अधिकारका खातिर फेडेरेशनको साथ सहयोग र एक्यबद्धता रहने एवम उच्च स्तरीय मिसनबारे आफूहरुको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरे ।

# नर्सका माग सम्बोधन गर्न १४ सदस्यीय समिति गठन




**काठमाडौं/मस–** सरकारले नर्सिङ स्वास्थ्यकर्मीको पारिश्रमिकसम्बन्धी माग सम्बोधन गर्न समिति गठन गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको हो ।

देशका विभिन्न निजी अस्पताल तथा मेडिकल कलेजका नर्सले उचित पारिश्रमिक नपाएको भन्दै आन्दोलित छन् । प्रधानमन्त्री सुशीला कार्कीले गत बिहीबार स्वास्थ्य मन्त्रालयका सचिवसहितको टोलीसँग छलफल गरेर तत्काल समस्याको सम्बोधन गर्न निर्देशन दिएकी थिइन् ।

डा. देवकोटाका अनुसार समितिले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन दिनुपर्नेछ । तत्काल र दीर्घकालीन रूपमा समस्या समाधानका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिनुपर्ने समितिको कार्यादेश छ । समितिमा स्वास्थ्य मन्त्रालयको गुनासो सुनुवाइ एकाइ प्रमुख डा. अनुप बाँस्तोला सदस्य छन् । यस्तै चिकित्सा शिक्षा आयोगका निर्देशक, स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख, गृह, अर्थ, श्रम, शिक्षा मन्त्रालयका प्रतिनिधि पनि समितिको सदस्यमा छन् ।

नेपाल नर्सिङ परिषद्, नेपाल नर्सिङ, नेपाल मेडिकल तथा डेन्टल कलेज एसोसिएसन्स, निजी अस्पतालको छाता संस्था एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), आन्दोलनरत नर्सका प्रतिनिधि पनि समितिमा समावेश छन् भने स्वास्थ्य मन्त्रालयका चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा प्रमुखलाई सदस्य सचिव तोकिएको छ । नर्सहरूले सरकारले तोकेको आधारभूत तलब तथा सुविधा पाउनुपर्ने राख्दै आन्दोलन गरिरहेका छन् । अहिले सरकारले तोकेको आधार भूत तलब ३४ हजार ७ सय ३० रुपैयाँ रहेको छ ।


## Sotang Rural Municipality
## Office of Rural Municipal Executive

**Sotang, Solukhumbu,**
**Koshi province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2082/07/03 (120/10/2025)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 03/SRM/ NCB/2082/83 | sotang Gaupalika ward No.5 Buspark Nirman. | 178241/- | 90 days | 3,000.00/- | 8050402.31 /- | 2082/08/04 (20-11-2025) 12:00 PM | 2082/08/04 (20-11-2025) 2:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   Name of the Bank: Agriculture Development Bank, Solukhumbu
   Name of the Office: Sotang Rural Municipality Office, Solukhumbu
   Office Code No. 801010908
   Office Account No. 1125501429939116 (For Bid Document)
   Office Account No. 1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
३ कातिक २०८२ सोमबार
20 October 2025 Monday

सम्पादकीय

## सरकारलाई पूर्णता देऊ


जेनजी आन्दोलनको बलमा अन्तरिम सरकार बनेको एक महिना बितिसक्दासमेत पूर्णता पाउन सकेको छैन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको यो सरकारको मुख्य काम आउँदो २१ फागुनमा आमचुनाव गराउनु हो । त्यसका लागि अब पाँच महिना पनि बाँकी छैन । तोकिएकै मितिमा चुनाव गर्नु सरकारका लागि चुनौती र अवसर दुवै हुन् । तर यही पाँच महिनामै भएभरका बेथिति र अनियमितता अन्त्य गर्ने महत्वाकांक्षाले आमनागरिकको अपेक्षा मात्र बढाएको छैन, सरकारप्रति असन्तुष्टिका स्वर पनि सुनिन थालेका छन् । बेलैमा चुनाव हुनेमा दल र आमनागरिक मात्र होइन, सुरक्षा अंगका उच्च अधिकारी पनि विश्वस्त हुन सकेका छैनन् । ६ महिने कार्यभार बोकेको सरकारको अलमलले विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको मागलाई बल पुऱ्याएको छ । गैरदलीय सरकारको गठन र उसले गरेको संसद् विघटन त्यसै पनि संवैधानिक सीमाभन्दा बाहिरै छ । सरकारका कतिपय आग्रही र विवादास्पद कामले यो विषय पुनः गिजोलिन्छ । संविधान पूरै खारेज पनि नभएको र सग्लो पनि नरहेको वर्तमान जटिल स्थितिको संवेदनशीलता सबैभन्दा धेरै अन्तरिम सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले बुझ्नुपर्छ । यो बाध्यात्मक स्थितिबाट जतिसक्दो चाँडो देशलाई पार लगाउन पनि चुनावलाई अर्जुनदृष्टि बनाउनैपर्छ ।

दलहरू मात्र होइन, नागरिक अगुवाले पनि चुनावी सरकार मूल उद्देश्य बिर्सेर दिशाविहीन हुन खोजेको आरोप लगाउन थालेका छन् । मुख्य राजनीतिक शक्तिलाई विश्वासमा नलिई न चुनावी वातावरण बन्न सक्छ न शान्ति र स्थिरताको कल्पना गर्न सकिन्छ । त्यसतर्फ सरकारको ध्यान जान जरूरी छ । अतः सरकारले घर्किंदै गएको समयको गति पछ्याउनुपर्छ । शान्तिसुरक्षा कायम गर्ने, दलहरूसँग दूरी घटाउने र चुनावी वातावरण बनाउनमै आफूलाई केन्द्रित गर्नुपर्छ । सबैभन्दा पहिले सरकारलाई पूर्णता दिनुपर्छ । विगतमा गठबन्धन सरकारले आन्तरिक किचलोका कारण महिनौंसम्म सरकार विस्तार गर्न सक्दैनथे । मन्त्रालयको भागबन्डामा उस्तै लफडा हुन्थ्यो । जेनजी आन्दोलनपछि बनेको सरकारलाई पूर्णता दिन के कुराले बाधा पुऱ्याएको हो ? आमनागरिकलाई थाहा दिनुपर्छ । सरकारले बिर्सन नहुने अर्को कुरा भनेको समावेशिता हो । खासगरी जेनजी युवाको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । सरकारमा अब २८ वर्षमुनिका युवा देखिनुपर्छ ।

# ओली राजनीति र जबज

*'आफूभन्दा जोकोही फस्ट म्यान भएको देख्नै सक्दिनँ', 'जबजमा स्पष्ट उल्लिखित सुखी नेपाली समृद्ध नेपाल मेरो नारा हो' भन्ने कुरा जाती होइनन् ।*

अग्रलेख



● प्रा.डा. बद्री विशाल पोखरेल

मानिसको शरीरभित्र जीवाणु र विषाणु दुवै तत्व हुन्छन् । मार्क्सवाद र जबजले जीवत्वलाई सबल र सक्षम राख्न पर्याप्त ध्यान दिएको देखिन्छ । जबजले जनताको मन जितेर मात्र राजनीतिक र राजकीय नेतृत्व हासिल हुन्छ र गर्नुपर्छ, त्यसो भयो भने मात्रै त्यो टिकाउ र बिकाऊ पनि हुन्छ भनेको छ । तर, राजनीतिक शरीरमा भित्रभित्र विकृति पलाउँदैन र फस्टाउँदैन । यस्तो अवस्थामा पार्टी र नेताका कमजोरीमा नेता आफैं आलोचना र आत्मालोचना गरून्, सप्रिऊन् भन्ने कुरा जबजमा पनि उल्लिखित छ । अझ जबजले आफ्नो जनवर्गीय संगठन बौद्धिक मञ्चलाई मदनले पार्टी र नेताका कमजोरीहरू बताउने, यसमा आवश्यक सुझाव दिने संस्था ठानेको थियो तर यसलाई ओलीले पटक्क मन पराउनुभएन । यति मात्र होइन, जबजले प्राज्ञिक स्वतन्त्रताको पक्षपोषण गरेको छ । यसको मतलब कमीकमजोरी र दुर्गुण देख्ने र यसलाई लेख्ने र सुझाव दिने विज्ञ समूहलाई संस्थामा आबद्ध गरेको हो । यो सोच मदनकै हो । तर यसलाई पनि ओलीले पन्छाउनुभयो ।

नेता, कार्यकर्ता र जनताको मन जित्नेभन्दा मनलाई बिझाएर अध्यक्ष बनिरहने जुन महत्वाकांक्षा पाल्नुभएको छ । ती सब विकृतिप्रति जबजले खबरदारी गरेको देखिन्छ । जबज र जननेता मदन भण्डारीले कम्युनिस्ट पार्टी र एमालेका नीति, नेता र सिद्धान्तमा देखापरेका अपचलन र विचलनप्रति कठोर रवैया अपनाउन आमकार्यकर्तालाई निर्देश गरेको छ ।

भण्डारी बनारसको विद्यार्थी कालमा एक अगुवा व्यक्तिमा १० विशेषता अपरिहार्य भएको बताउनुहुन्थ्यो भने एउटा पार्टीको र मुलुकको राजनीतिक र राजकीय क्षेत्रको प्रमुख हुँदा केकस्तो उच्च र उदात्त चरित्र र व्यवहारको हुनुपर्छ भन्ने कुरा केही सुलक्षणबाट अवगत हुन्छ । मदन पार्टीलाई प्रतिभाको फूलबारी बनाउन लागिपर्नुभएको थियो । अहिलेजस्तो काँडाघारी होइन । मदन अयोग्यमध्ये योग्य होइन, योग्यमध्येबाट योग्यतमलाई राजनीतिक र राजकीय क्षेत्रमा स्थापित गर्नु हुन्थ्यो । उहाँ अवसर पाएर पनि इमानदार हुने नेता र कार्यकर्तालाई प्रमोट गर्नुहुन्थ्यो । अहिलेजस्तो सडक छापे अत्यन्त सतही र उल्टो जनताबाट तिरस्कृतलाई काँधमा बोक्नुहुन्न थियो । मदन आफू कुनै पनि खाले आलोचना सुझाव र कटाक्षलाई दुत्कार्नुहुन्न थियो ।

भण्डारी पनि आवश्यकताअनुसार तीखो कटाक्ष गर्नुहुन्थ्यो तर उहाँ सम्झाउने र बुझाउने भाषामा अभिव्यक्ति प्रदान गर्नुहुन्थ्यो । अहिले जस्तो सदा सबसित दुर्छे बचन बोल्नुहुन्न थियो । मदन कसैसित कहिल्यै ससाना कुरामा इख राखेर बदलाको भावना राख्नुहुन्न थियो । तर अहिलेजस्तो कुटकुट बदलाको दुर्भावना मदनमा थिएन । विद्या भण्डारीप्रति यस्तै दुर्भावना राखेको कुरा खुल्दै छ ।

ओली वा अरू कुनै पार्टी अध्यक्ष, पार्टी नीति सिद्धान्त संगठन र विभिन्न रचनात्मक सवाललाई लिएर जबजले कडा उर्दी जारी गरेको देखिन्छ । ओलीले नै एकपटक मैले कहिल्यै नदेखेका व्यक्तिले पनि अहिले पनि हरदम मलाई र हामीलाई निर्देशन गरिरहन्छन् भन्नुभएको थियो । त्यति विधि सकारात्मक कुरा र आफ्नो नेतृत्वको सरकारका समयमा उल्लेखनीय काम गर्ने ओली के कारण एकाएक ९० डिग्री पार गरेर बोल्दै हुनुहुन्छ ? यसमा स्वयं पंक्तिकार पनि अचम्मित भएको छु ।

जबजमा भनिएको छ, '...हिंसाको मुकाबिला शान्तिले, षडयन्त्रको मुकाबिला सोझोपनले र धाँधलीको मुकाबिला सज्जनताले हुँदैन । जस्तालाई त्यस्तै गर्नुपर्छ ।' यो राजनीतिक क्षेत्रमा लाग्ने क्षयरोग र क्यान्सरको ओखती हो, उपाय हो । उपयुक्त ओखतीहरू अरूहरू रोगीलाई निको पार्न निर्माण गरिएको होइन । आफैंलाई पनि लाग्यो भने निको हुन तयार गरिएको हो । जननेता मदन भण्डारीले विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनमा रोगव्याधी लाग्न सक्छ भनेर जबजमा उपर्युक्त राजनीतिक दबाइ सिफारिस गरेको स्पष्ट हुन्छ । कम्युनिस्ट




पार्टीमा स्टालिन, ब्रिजनेभ, गोर्वाचोज, रायमाझीलगायत जन्मिन सक्छन् । त्यसैले त्यस्ता विकृति पनि मास्नु पर्छ भन्ने जबजको मूल आशय हो । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी भनेर चिनिने अधिकांश एमाले अहिले चरम अन्धवादी हुन थालेका छन् ।

भर्खरै भइरहेको एमाले केन्द्रीय समितिको रमितालाग्दो दृश्य देखेर मलाई हाँसो उठ्यो । त्यो आमसभा हो भने घरीघरी परररर ताली पड्काउनु जाती हो किनभने विपक्षलाई दर्साउन र तर्साउन यस्तो काम गर्नुपर्छ तर बैठकमा त ताल न सुरका ताली पिट्नका लागि गाउँघरका धेरै मानिस जम्मा गरिएको अध्यक्षकै मन्तव्यबाट थाहा भयो । यो त खुला समाज हो, जतिसुकै जहाँसुकैका अति गोप्य कुरा पनि एक दिन खुल्छन् । अध्ययन गर्ने बानी नहुँदा धेरैलाई लेखको सार कुरा बुझ्न असहज होला । त्यसैले जबजमा उल्लेख गरिएका दोस्रो अनुच्छेदमा उद्धत गरिएका लिखित तीन लाइनको सार चाहिँ जस्तालाई त्यस्तै गर्नुपर्छ भन्ने हो । यो कुरा एमालेविरुद्ध विरोधी वा विपक्षका गतिविधिविरुद्ध मात्र भनेको होइन । आफ्नै पार्टी र नेतृत्वका विकृतिविरुद्ध लागि पर्नुपर्छ भनेको पनि हो ।

जबजले पार्टीमा स्टालिन जन्मिए, षडयन्त्रकारी र धाँधली गर्ने देखापरे र तिनको हालीमुहाली भए चुपचाप बस्नु र सहनु भनेको छैन । सँगै, जनवादी केन्द्रीयताका नाममा एक/दुई उपल्ला तहका नेताका मनपरी सहेर बस्नु भनेको किमार्थ होइन । तर पार्टीभित्रका उपयुक्त समस्या पार्टीभित्रबाटै समाधान गर्न भने प्रयत्न गर्नुपर्छ भनेको छ । यसलाई सकेसम्म मित्रवत् समाधान गर्ने प्रयत्न गर्ने पनि हो । जबजअनुसार उपयुक्त समस्यालाई कलात्मक हस्तक्षेपमार्फत समाधान गर्न गम्भीर प्रयास गर्नुपर्छ । कलात्मक हस्तक्षेप भनेको पार्टीभित्र नेताहरू कार्यकर्ता भ्रातृ संगठनका बिचमा पार्टीका र नेताका विकृति उजागर गर्नुपर्छ । यस्ता कुरामा कुनै पनि खाले अतिवादी कृत्य गर्नुहुन्न ।

> *जबजले पार्टीमा स्टालिन जन्मिए, षडयन्त्रकारी र धाँधली गर्ने देखापरे र तिनको हालीमुहाली भए चुपचाप बस्नु र सहनु भनेको छैन । सँगै, जनवादी केन्द्रीयताका नाममा एक/दुई उपल्ला तहका नेताका मनपरी सहेर बस्नु भनेको पनि किमार्थ होइन । तर पार्टीभित्रका उपयुक्त समस्या पार्टीभित्रबाटै समाधान गर्न भने प्रयत्न गर्नुपर्छ भनेको छ ।*

मदन भण्डारीलाई चार/चारवटी महिलासँग अनैतिक सम्बन्ध राखेको, मदन भण्डारी फाउन्डेसन ठगी गर्ने साधन हो, प्रथम महिला राष्ट्रपति तथा एमाले पूर्वउपाध्यक्ष विद्या भण्डारीलाई अनर्गल र शत्रुवत् आक्षेप, माराविरुद्ध उभ्भिनेहरूले आफ्नो भविष्यबारे २० पटक सोच भन्ने कुरा सामान्य होइनन् । पुराना कुरा बिर्सियौं भनेर आफूलाई जसरी पनि चोखो हुन र बनाउन प्रयत्न गर्ने कुरा एउटा शीर्षस्थ कम्युनिस्ट नेतालाई कदापि र कहिल्यै सुहाउँदैन । कम्युनिस्ट नेता भनेको समाजवादी प्रतिस्पर्धामा प्रतिबद्ध हुनु हो । बारबार म, मेरो र मैले होइन, हामी भन्ने हो । 'आफूभन्दा जोकोही फस्ट म्यान भएको देख्नै सक्दिनँ,' 'जबजमा स्पष्ट उल्लिखित सुखी नेपाली समृद्ध नेपाल मेरो नारा हो' भन्ने कुरा जाती होइनन् ।

जेनजी आन्दोलन हुन्छ भन्ने जान्दा जान्दै र चार वटै सुरक्षा निकायले यसबारे एक महिनाअघि सूचना दिँदादिँदै सरकारकै लापरबाही अपार क्षतिको मूल कारण बन्यो । एकातिर पार्टीभित्र आफैं अशान्ति, कलह, अन्तध्वंश मच्चाउने मात्र होइन जेनजी पुस्तालाई उत्तेजित बनाउने अभिव्यक्तिका कारण आफैं भाग्न बाध्य भएको स्थिति हो । यही चालामाला रहने र यस्तै रवैयामा रमाइ महाधिवेशनमा जाने हो भने त्यो महाधिवेशनको नग्न स्वरूप अहिले नै अन्दाज गर्न सकिन्छ । किनकि साम, दाम दण्ड र भेद नीतिका साथ माइन्ड, मसल र मनी परिचालित हुने खतरा विश्वस्त सूत्रबाट अवगत भएको छ ।

**(लेखक मदन भण्डारी फाउन्डेसनका केन्द्रीय सदस्य हुन् ।)**

## इतिहासमा आज

२० अक्टोबर १९९१ मा क्यालिफोर्नियाको ओकल्यान्ड र बर्कलेका पहाडहरूमा ठुलो आगलागी भएको थियो, जसमा २५ जनाको मृत्यु भएको थियो भने तीन हजारभन्दा बढी घर, अपार्टमेन्ट र कन्डोमिनियमहरू नष्ट भएका थिए ।



२० अक्टोबर १९९१ मा भारतको उत्तरकाशी क्षेत्रमा ६.८ रेक्टर स्केलको भूकम्प गएको थियो । जसमा १ हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको थियो ।



२० अक्टोबर २०२२ मा देशको राजनीतिक संकटको बीचमा लिज ट्रसले बेलायती प्रधानमन्त्री र कन्जरभेटिभ पार्टीको नेताको पदबाट राजीनामा दिएकी थिइन् । जुन कुनै पनि बेलायती प्रधानमन्त्रीको सबैभन्दा कम समय (४९) दिने हो ।



२० अक्टोबर २०१७ मा सिरियाली गृहयुद्धको बिच सिरियन डेमोक्रेटिक फोर्सेसले रक्का अभियानमा विजयको घोषणा गरेको थियो ।



# नेतृत्वको रिक्तता र राज्यको असफलता

विचार



● चन्द्रबहादुर बस्याल

> *राज्य संयन्त्रहरू पनि असहयोगी र अव्यावसायिक शैलीका छन् । बानेश्वरमा बन्दुक पड्किँदा प्रमुख जिल्ला अधिकारीदेखि कमान्डरसम्म अनभिज्ञ रहनु, त्यो विफलता हो । प्रहरी र सेनाबीच समन्वय नदेखिनु, सूचनाको अभाव हुनु र घटना घटिसकेपछि मात्र प्रतिक्रिया दिनु, यी सबैले राज्य संयन्त्र असक्षम भएको प्रमाण दिन्छन् ।*

नेपाल अहिले गम्भीर संक्रमणको चरणमा छ । शासनको स्वरूप त संविधानले परिभाषित गरेको छ तर त्यसलाई आत्मसात् गर्ने र कार्यान्वयन गर्ने नेतृत्व नै अभावग्रस्त बनेको छ । प्रधानमन्त्री सुशीला कार्कीले अन्तरिम सरकारको जिम्मेवारी सम्हालेकी छन् तर यो अस्थायी नेतृत्व मात्र हो, ६ महिनाभित्र देशलाई संवैधानिक मार्गमा फर्काउने एउटा दायित्व । तर वास्तविक संकट त नेतृत्वको नै छ, राजनीतिक, प्रशासनिक र सुरक्षा संयन्त्र सबै तहमा ।

देशमा राजनीतिक नेतृत्व कमजोर भएको कुरा नयाँ होइन । दशकौंदेखि हामी त्यही समस्याको दोहोरिने कथा सुन्दै आएका छौं- नेता जन्मिन्छन् तर नेतृत्व गर्ने संस्कार र परिपक्वता विकास हुँदैन । आन्दोलनबाट निस्केका नेताहरूले सत्ता सम्हाल्दा आन्दोलनकै स्वरूप भुल्छन् र आन्दोलन गर्नेहरू सत्ता पाएपछि जिम्मेवारी बिर्सन्छन् । आज पनि जुन राजनीतिक अन्योल छ, त्यसको जरै नेतृत्वको असक्षमता हो । सत्तामा भएका मान्छेहरूमा परामर्श र समन्वयको संस्कृति हराइसकेको छ । सरकारले निर्णय लिन खोज्दा पनि कसको सल्लाह लिनु, कसलाई विश्वास गर्ने भन्ने अनिश्चितता छ । आन्दोलनकारी युवाहरू आफूलाई परिवर्तनको शक्ति ठान्छन्, तर ती अनुभव र परिपक्वताको अभावमा छन् । त्यसै कारण संवाद र समन्वयको सञ्जाल निर्माण हुन सकेको छैन ।

राज्य संयन्त्रहरू पनि असहयोगी र अव्यावसायिक शैलीका छन् । बानेश्वरमा बन्दुक पड्किँदा प्रमुख जिल्ला अधिकारीदेखि कमान्डरसम्म अनभिज्ञ रहनु, त्यो विफलता हो । प्रहरी र सेनाबीच समन्वय नदेखिनु, सूचनाको अभाव हुनु र घटना घटिसकेपछि मात्र प्रतिक्रिया दिनु, यी सबैले राज्य संयन्त्र असक्षम भएको प्रमाण दिन्छन् । राज्यको सुरक्षात्मक अंगहरू पनि विखण्डित छन् । गुप्तचर विभागदेखि प्रहरी र सेनासम्मबिच सूचना आदानप्रदानको कुनै सशक्त प्रणाली छैन । एउटा साधारण नागरिकले समेत अनुमान गर्नसक्ने सम्भावित जोखिम राज्य संयन्त्रले देख्दैन । यस्तो अवस्थामा सुरक्षाका निकाय व्यावसायिक रहन सक्छन् त ?

नेतृत्वमा भएको विफलता केवल राजनीतिक होइन, प्रशासनिक र संस्थागत तहमा पनि गहिरो छ । सरकारी निकायहरू नातावाद र स्वार्थमा डुबेका छन्, जिम्मेवारी लिने संस्कार हराइसकेको छ । ठुला घटनापछि पनि कोही राजीनामा दिन तयार हुँदैन, कसैले आत्मसमीक्षा गर्दैन । राजनीतिक दलहरूले पनि आफ्नो जिम्मेवारीबाट पन्छिने प्रवृत्ति देखाएका छन् । जब जनताले असन्तुष्टि जनाउँछन्, उनीहरू 'विदेशी शक्तिहरूले कमजोर पार्न खोजेका हुन्' भनेर दोषारोपण गर्छन् । तर जनताको असन्तुष्टि विदेशीले होइन, आफ्नै असक्षम शासन र बेवास्ताले जन्माएको हो ।

हाम्रो राज्य संयन्त्रले कर तिरेका नागरिकको सुरक्षाको ग्यारेन्टी दिन सकेको छैन । जनताको जीवन, सम्पत्ति र अधिकार सुरक्षित राख्न नसक्ने सरकारले वैधताको आधार गुमाउँछ । राजनीतिक अस्थिरता मात्र होइन, संयन्त्रगत असक्षमताले पनि मुलुकलाई असुरक्षा र अविश्वासको दलदलमा फ्याँकेको छ । राज्य संयन्त्रमा जबाफदेहिता हराएपछि 'को जिम्मेवार ?' भन्ने प्रश्न उठ्छ । प्रधानमन्त्रीदेखि सिपाहीसम्म सबै तहमा जिम्मेवारीको चेन कमजोर छ । गोली चलाउनेलाई आदेश दिने को ? आदेश नदिई गोली चलेको हो भने त्यसको जवाफ कसले दिने ? कानुन र प्रशिक्षणले सशस्त्र निकायलाई जिम्मेवार बनाउँछ, तर त्यो चेतनाको अभ्यास हराइसकेको छ ।

सुरक्षाका निकायहरू प्रधानमन्त्रीको मातहतमा छन्, तर ती निकायहरू आफ्नै ढंगले चल्छन् । अनुसन्धान विभागको भूमिका अस्पष्ट छ, गुप्तचर सूचनाको उपयोग हुँदैन । योजना बन्ने, पूर्वानुमान गर्ने, सम्भावित संकट टार्ने, यी सबै जिम्मेवारीहरू केवल कागजमा मात्र सीमित छन् । नेपालको संकट राजनीतिक अस्थिरता मात्र होइन, संस्थागत असफलताको पनि द्योतक हो । प्रशासन, प्रहरी, सेना र न्याय प्रणाली सबै क्षेत्र जिम्मेवार बन्न असफल छन् । यस्ता संयन्त्रहरू निश्चल हुँदा नागरिक असुरक्षित महसुस गर्छन् र त्यही असुरक्षाबाट अविश्वास जन्मिन्छ ।

यो अवस्थामा नेतृत्व केवल व्यक्ति होइन, सोचको कुरा हो । नेतृत्व भन्नाले निर्णय गर्न सक्ने साहस, जिम्मेवारी लिन सक्ने परिपक्वता र जनताको विश्वास जित्ने क्षमता हो । अहिले देशमा ती तीनै गुण हराइसकेका छन् । नेतृत्वको संकटले मुलुकको हरेक तहमा असर पारेको छ । जब राजनीतिक नेतृत्व कमजोर हुन्छ, प्रशासनिक संयन्त्र निष्क्रिय बन्छ । जब सुरक्षा संयन्त्र अनुत्तरदायी हुन्छ, नागरिक असुरक्षित महसुस गर्छन् । अनि राज्यमा भय र अविश्वासको संस्कृति मौलाउँछ ।

नेपालको समस्या कुनै एउटा व्यक्तिको असफलतामा सीमित छैन, यो प्रणालीगत रोग हो । राजनीतिक शक्ति, प्रशासनिक संयन्त्र र सुरक्षात्मक अङ्गहरू सबैले आत्ममूल्यांकन गर्नुपर्छ । हरेक तहमा जवाफदेहिता र व्यावसायिकता पुनःस्थापना नगरी राज्य बलियो बन्न सक्दैन । सत्तामा जोसुकै आए पनि जिम्मेवारी लिन नचाहने प्रवृत्ति बदल्न जरुरी छ । राजीनामा दिन नसक्ने, गल्ती स्वीकार नगर्ने र नागरिकलाई दोष दिने प्रवृत्ति अन्त्य नहुँदासम्म नेतृत्वको संकट रहिरहनेछ ।

आज नेपालले आवश्यक परेको कुरा नयाँ नारा होइन, उत्तरदायी, पारदर्शी र व्यावसायिक नेतृत्व हो । जसले जनताको विश्वास जित्न सकोस्, संस्थाहरू पुनःस्थापित गर्न सकोस् र शासनको अर्थ नागरिकको सुरक्षासँग जोड्न सकोस् । देशको संकट समाधानको बाटो यहीँबाट सुरु हुन्छ, जवाफदेही नेतृत्व र इमानदार संयन्त्रबाट । जब राज्यले आफ्नो जिम्मेवारी बुझ्छ, त्यतिबेलामात्र नागरिकले 'हामी सुरक्षित छौं' भन्ने विश्वास गर्न सक्छन् । अहिलेको चुनौती यही हो-नेतृत्व पुनःजागरणको ।


## सामाजिक सञ्जाल



रञ्जित तामाङ

नेपालमा कम्पनी खोल्नुभन्दा दल खोल्न सजिलो छ । कम्पनी चल्न अडिट, कर, नवीकरण, भाडा र तलबको जोहोजस्ता अनेकौं लफडा ! दल खोलेपछि चन्दा, लेबी, सहयोग उठायो, निर्वाचन आयोगमा हिसाब देखाएजस्तो गरे पुग्यो ।गरिखानेलाई भन्दा सुकुलगुण्डा प्रवृत्तिलाई प्रोत्साहन गर्ने प्रणाली छ ।

खेलठट्टा गर्दैगर्दै मुलुक जल्यो, केही दीप निभे ! घैरैले भुले होलान् आमाले भुले कि छैनन् ! अब गम्भीर बनौं – जसले जसलाई बिनाप्रमाण गाली गर्न सक्छ, मानौं जन्मिएको नै गालीका लागि हो भने पनि, याद रहोस् – जे देखिएको छ नेपालमा त्यो सत्य होइन ! पर्खौं, सत्यको घडी आउँदै छ !




चन्द्र भण्डारी



विश्वरसिंह मेवाहाङ

सिंहदरबारको आगो किन निभाउन सकिएन भनेर अब कसैले स्पष्टीकरण दिइरहनुको कुनै औचित्य छैन किनकि स्पष्टीकरण दिनेहरूको कारण सिंहदरबार जलेको होइन । सिंहदरबार जल्नुमा प्रजातन्त्रको नाममा आधा दशक चलेको भ्रष्ट शासन र त्यसका मतियार शासकहरू जिम्मेवार छन् ।

जेन-जी लिडरहरू ! हामी खतरा हौं भन्ने सोचबाट मुक्त होऊ । पार्टी खोल्न, आफैं नेता बन्न र देश बनाइहाल्न हतार गर्नुभन्दा पहिले एजेन्डा मिल्ने र मिलाउन सकिने एक ठाउँमा बस । सबै जानेजस्तो गर्नु ठुलो रोग हो। जान्दैनौं भन्न सिक र अरूलाई सुन । बन्दै गरेको चिज बिग्रेला है, होस गर ।



केशव दाहाल

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# तत्कालीन महानिर्देशक मिश्रासहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा.संगीता कौशल मिश्रासहित १४ जनाउपर विभागको 'मेमोग्राफी' मेसिन खरिदका क्रममा झुट्टा विवरण र बिल पेस गरी भ्रष्टाचार गरेको अभियोगमा आरोपपत्र दायर गरेको छ ।

निजहरूले लागत अनुमान तयार गर्दा सम्झौताको सर्तबमोजिम सम्पूर्ण सामग्री प्राप्त नै नभएको अवस्थामा बदिनयत राखी सम्पूर्ण सामग्री आएको भनी गलत दाखिला प्रतिवेदन, झुठो बीलबिजकलगायत तयार गरी/गराई भुक्तानी दिइ लिइ भ्रष्टाचार गरेको अभियोगमा आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार तत्कालीन महानिर्देशक डा मिश्रा, विभागको व्यवस्थापन महाशाखाका तत्कालीन निर्देशक डा.श्रवणकुमार थापा, विभागको आपूर्ति व्यवस्थापन शाखा प्रमुख तथा वरिष्ठ स्वास्थ्य प्रशासक डा.सुरेन्द्रप्रसाद चौरसिया, विभागका निर्देशक डा.विवेककुमार लाल, विभागका तत्कालीन प्रमुख लेखा नियन्त्रक भुवनप्रसाद काफ्ले, विभागका कानुन अधिकृत सीता घिमिरे, विभागका वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपक अधिकारी, विभागका तत्कालीन शाखा अधिकृत यादवप्रसाद सापकोटाविरुद्ध जनही १४ करोड छ लाख ८५ हजार ५ सय रुपैयाँ बिगो कसुर तथा सजायको मागदाबी गरिएको छ ।

यसैगरी, विभागका तत्कालीन लेखा अधिकृत शम्भुप्रसाद ढकाल, विभागका लेखापाल तिलकराम ढकाल, स्वास्थ्य सेवा विभागका बायोमेडिकल इञ्जिनियर आशिष चौहान, विभागका तत्कालीन बायोमेडिकल इञ्जिनियर पद्मा मिश्र, विभागको केन्द्रीय स्टोर पथलैयाका जनस्वास्थ्य निरीक्षक सञ्जयकुमार साह, म्याक्सिम इन्कर्पोरेशन ट्रेडर्स प्रालि तथा उक्त कम्पनीका मुख्य भई कार्य गर्ने सुन्दर भुसालविरुद्ध जनही १४ करोड छ लाख ८५ हजार ५ सय रुपैयाँ बिगो कसुर तथा सजायको मागदाबी गरी विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

# टीकापुर क्याम्पसको अतिक्रमित जग्गा संरक्षणका लागि उच्चस्तरीय आयोग गठनको माग



**काठमाडौं/मस-** कैलालीस्थित टीकापुर बहुमुखी क्याम्पसको अतिक्रमित जग्गा संरक्षणका उच्चस्तरीय आयोग गठनको माग गरिएको छ ।

सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्त र रजिस्ट्रार प्राडा विनोद लेखकलगायतको टोलीले आइतबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलाई भेटेर क्याम्पसको अतिक्रमित ३०० बिघा जग्गा संरक्षणका लागि माग गरेका हुन् ।

उपकुलपति प्राडा पन्तले अतिक्रमित जग्गाको समस्या समाधानका लागि उच्चस्तरीय जाँचबुझ आयोग गठन गरी तत्काल पहल गर्न लिखित रूपमा अनुरोध गरिएको बताए ।

त्यसअवसरमा मन्त्री पुनले विश्वविद्यालयका प्रतिनिधिको मागप्रति सकारात्मक रहेको र उक्त विषयमा तत्काल आवश्यक प्रक्रिया अघि बढाइने प्रतिबद्धता व्यक्त गरेका रजिस्ट्रार प्राडा लेखकले जानकारी दिए ।

# राजाकोटको प्रवर्धनमा युवा अभियान

**एकराज भण्डारी/मध्यान्ह**
तुलसीपुर, २ कात्तिक



दंगीशरण-३ एकलीका ७२ वर्षीय लक्ष्मणबहादुर केसी शनिबार अन्य युवाहरूसँगै करिब ३ घण्टाको उकालो बाटो हिँडेर दंगीशरण-२ मा रहेको राजाकोट पुगे । शनिबार उनी पहिलो पटक राजाकोट पुगेका थिए । दाङ उपत्यकासँगै उत्तरमा सिस्ने, धौलागिरी हिमश्रृंखला र दक्षिणमा राप्तीको फाँटसहित भारतको केही भू-भागका मनोरम दृश्य देख्न सकिने यो ठाउँ नजिकको तीर्थ हेला जस्तै भएको उनले सुनाए ।

'यहाँसम्म आइपुग्नेहरूले धेरै ठाउँका दृश्यहरू एकै ठाउँबाट देख्न सकिदोरहेछ तर यसको प्रचार-प्रसार र प्रवर्धनमा कसैको पनि चासो नपुग्दा यो ठाउँ ओझेलमा परेको महसुस गरे' उनले भने,'कुनै पनि ठाउँलाई चिनाउनका लागि पहिलो पाइला स्थानीयहरूले नै अगाडि बढाउनुपर्छ । अहिले दंगीशरणका युवाहरूले राजाकोट क्षेत्रलाई चिनाउन पहल थालेका छन् । यसमा स्थानीय सरकारले साथ दिँदै माथिल्लो तहका सरकारसम्म राजाकोटबारे आवाज उठाउनुपर्छ ।'

शनिबार राजाकोट पुग्नेमध्ये एक हुन् दंगीशरण-५ का प्रवेश चौधरी । उनी शिक्षक हुन् । त्यसैले उनी आफू र आफ्ना उमेरका साथीहरू मात्रै होइन, आफूले अध्यापन गर्दै आएका विद्यार्थीहरूलाई पनि लिएर शनिबार राजाकोट पुगे । 'दंगीशरणमा भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्भावना भएका ठाउँबारे विद्यालय तहबाटै सिकाउन सकियो भने फलदायी हुन्छ भनेर विद्यार्थीहरूलाई पनि लिएर आएको हुँ' उनले भने, 'हाम्रो क्षेत्रमा भएका यस्ता सम्पदाहरूको संरक्षण र प्रवर्धन गर्नु हामी सबैको जिम्मेवारी हो । त्यसमाथि सबै आ-आफ्नो क्षेत्रबाट आफूभन्दा पछिल्लो पुस्तालाई यस्ता संरचनाबारे जानकारी गराउन सकियो भने ती संरचनाको विकासमा टेवा पुग्छ ।' उनीहरू मात्रै होइन, शनिबार राजाकोट क्षेत्रमा वृद्धदेखि बालबालिकासम्म करिब ३ सयजना उपस्थित भए । पर्यटकीय सम्भावना बोकेको राजाकोट ओझेलमा परेको भन्दै दंगीशरणका केही युवाहरूले राजाकोट हाइकिङ-२०८२ अभियान सञ्चालन गरेर शनिबार राजाकोट आउन सबैलाई आह्वान गरेका थिए ।

सोही अभियानअन्तर्गत उक्त संख्यामा स्थानीयबासी, जनप्रतिनिधि तथा जिल्लाका अन्य शहरहरूबाट पनि नागरिकहरू राजाकोट पुगेका थिए । शनिबारको उपस्थितिले राजाकोटलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने संकेत गरेको अभियन्ता युवाहरूमध्येका एक प्रकाश डाँगीले बताए ।

'हामी विभिन्न ठाउँमा पुग्दा स्थानीयको सक्रियताका कारण सामान्य ठाउँहरू पनि पर्यटकीय गन्तव्य बनेको देख्न सकिन्छ तर हाम्रो ठाउँ विभिन्न कुराले महत्वपूर्ण हुँदाहुँदै पनि ओझेलमा परेपछि प्रवर्धनको प्रयास गरेका हौं'उनले भने,'राजा दंगीशरणले दाङमा राज्य गर्दा गर्मी छल्नका लागि यही ठाउँलाई प्रयोगमा ल्याएका थिए, तुलसीपुर-अमेलिया सडकखण्ड बन्नुअघि नेपालगञ्ज जाने सडक यहीबाट जान्थ्यो, १० वर्षे युद्धको बेलामा पनि यो क्षेत्रमा युद्धसँग सम्बन्धित घटनाहरू भएका छन् ।' साथै यहाँबाट दाङ उपत्यकासँगै दक्षिणतर्फ राप्ती नदीको फाँट र उत्तरका हिमालहरू पनि अवलोकन गर्न सकिने हुँदा राजाकोट गतिलो पर्यटकीय गन्तव्य बन्न सक्ने डाँगीले बताए ।

कार्यक्रममा स्थानीय सरकारले पनि चासो देखाएको छ । युवाहरूले थालेको अभियानमा सहभागिता जनाउँदै दंगीशरण-२ का वडाध्यक्ष डम्बरबहादुर खत्रीले राजाकोटलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि वडा सरकारको तर्फबाट पालिकादेखि प्रदेश हुँदै संघीय सरकारसम्म पहल थालिने आश्वासन दिए ।

उनले भने,'राजाकोट २ नं.वडामा पर्ने भएकोले सम्बन्धित वडा सरकारको तर्फबाट हुन सक्ने आवश्यक बजेट विनियोजनका लागि हामी तयार छौं । साथै माथिल्लो तहका सरकारको ध्यानाकर्षण गराउन भूमिका निर्वाह हामी गर्छौं ।' हाल राजाकोट पुग्नका लागि दंगीशरण-२ को कलंखोला हुँदै करिब ३ घण्टाको यात्रा गर्नुपर्छ तर त्यहाँसम्म पुग्नका लागि सामान्य गोरेटो बाटोको पनि विकास नहुँदा राजाकोट क्षेत्र ओझेलमा परेको देखिन्छ ।

कार्यक्रममा राजाकोट सामुदायिक वनका अध्यक्ष एमएन शाहले राजाकोट क्षेत्र यहाँको वनसँग सम्बन्धित भएकोले यहाँको विकासका लागि सामुदायिक वनको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । 'यहाँको ऐतिहासिक महत्वबारे जानकारी नै छ तर अब बाटो भनेको यसको महत्वबारे र यहाँबाट अवलोकन गर्न सकिने महमोहक दृश्यबारे व्यापक प्रचार प्रसार जरुरी छ' उनले भने, 'साथै सबभन्दा पहिला यहाँसम्म आउनका लागि उपयुक्त बाटोको आवश्यकता छ । यी सबै कुराहरूमा सहकार्य गर्दै युवाहरूले थालेको यो अभियानमा सहयोगी भूमिका निर्वाह गर्दै सामुदायिक वनले सहभागिता जनाउँछ ।'कार्यक्रममा दंगीशरण-१ का अध्यक्ष रमेश भण्डारी, ३ नं. वडाध्यक्ष सुकलाल चौधरीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सहजीकरण अभियन्ता सिएम विश्वकर्माले गरेका थिए ।

# काठमाडौंका ६२ चोकमा हाइ मास्ट लाइट जडान



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले सहरका ६२ वटा चोकमा हाइ मास्ट लाइट जडान गरिरहेको छ ।

हाइ मास्ट बत्ती राख्न आवश्यकता देखिएका ७० वटा चोकमध्ये पहिलो चरणमा ६२ वटा चोकमा पोल गाडेर अहिले बत्ती जडानको काम अन्तिम चरणमा पुगेको सार्वजनिक निर्माण विभागका महाशाखा प्रमुख रामचन्द्र नेपालीले जानकारी दिए ।

९करोड ९९ लाख रुपैयाँ लागत अनुमान गरिएको यस कार्यका लागि सार्वजनिक खरिद प्रक्रियामा ९ करोड ८५ लाख २२ हजार १ सय ४४ रुपैयाँमा काम भएको हो । २०८१ पुस २३ गते निर्माण पक्षसँग महानगरपालिकाले सम्झौता गरेर कामको जिम्मा दिएको हो । यो काम सक्नुपर्ने अवधि आउँदो पुस ३० गतेसम्म भए पनि तिहार पर्वको उल्लासका लागि बत्ती जडान गर्ने लक्ष्यसहित काम गरिएकोले तिहार अघि नै काम सकिएको, महाशाखा प्रमुख नेपालीले जानकारी दिए ।

'६२ वटा चोकमध्ये २१ वटा चोकमा १२ दशमलव ५ मिटरका पोल जडान गरिदै छ । यस पोलमा ६ वटा बत्ती जडान हुदै छ' महाशाखा प्रमुख नेपालीले भने, '४१ वटा चोकमा १६ मिटर अग्ला पोल गाडिनेछन् । यी पोलमा ८ वटा बत्ती हुनेछन् ।'यी बत्तीहरू १ हजार वाट क्षमताका हुन् । सेफ्टवेयर प्रणालीमा आधारित यी बत्तीहरू आवश्यकताका आधारमा चर्को र मधुरो प्रकाशमा बाल्न मिल्छ ।

### हाइमास्ट जडान गरिएका चोकहरू

मनोहरा पार्क नरेफाँट, जडीबुटी चोक, कोटेश्वर चोक, तीनकुनेका तीन कुनामा एकएक वटा, अन्तरराष्ट्रिय विमान स्थल प्रवेश द्वार अगाडि र वहिर्गमन द्वार अगाडि, तिलगंगा, गौशाला, मित्रपार्क, गौरी घाट, चावहिल चोक, चुच्चेपाटी चोकमा हाइमास्ट बत्ती जडान गरिएको हो ।

यस्तै सुकेधारा चोक, शिक्षण अस्पताल महाराजगञ्ज चोक, कान्ति अस्पताल, नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान अगाडि, बानेश्वर चोक, बिजुली बजार आर्क ब्रिज, माइतीघर मण्डला क्षेत्रको नयाँ बानेश्वर तर्फ, नेपाली सेनाको कम्पाउण्डतर्फ र सिंहदरबारतर्फ गरी ३ ठाउँमा, बालाजु बाइपास, बालाजु चोक, नयाँ बस पार्कमा २ वटा, सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र अगाडि, सोह्रखुट्टे चोक, लैनचौर ग्राउण्ड, लाजिम्पाट, दूग्ध विकास संस्थान अगाडि, गैरीधारा, नारायणहिटी, पब्लिक युथ क्याम्पस, इन्द्रायणी मन्दिर, टेकु पुल, कालीमाटी चोक, कालीमाटी ट्राफिक आइल्याण्ड, कालीमाटी तरकारी बजार, थापाथली पुल नजिक बत्ती राखिएको छ ।

त्रिपुरेश्वर चोक, थापाथली, भद्रकाली, सुन्धारा, न्युरोड गेट, बीर अस्पताल अगाडिको चोक, असन चोक, बसपार्कको मुख्य प्रवेश द्वार, कलंकी चोक, डल्लु पुल वारि एउटा र पारि एउटा, परोपकार, छाउनी वीरेन्द्र सैनिक अस्पताल अगाडि, स्वयम्भू भगवान पाउ, नारायण चौर, लगन, दरबारमार्गबाट रत्नपार्क तर्फको खण्ड, जमल, कान्तिपथ, वडा नम्बर ६ को शान्ति पार्कमा हाइ मास्ट जडान गरिएको छ ।

### सडक बत्तीका लागि काम थालिँदै

काठमाडौंमा रातको समयमा पनि निर्धक्क हिँड्न सक्ने वातावरणका लागि चाहिने प्रकाश व्यवस्था गर्न महानगरपालिकाले करिब ९० करोड रुपैयाँ लागतमा सडक बत्तीको व्यवस्था गर्दैछ' महाशाखा प्रमुख नेपालीले भने,'रातको समयमा यातायात तथा मानवीय आवागमन, शान्ति सुरक्षा तथा सामाजिक सुरक्षा कायम गराउन महानगरपालिकाले आधुनिक बत्ती जडान गर्न लागेको हो ।'

स्रोत साधन र प्रविधिको उच्चतम उपयोग गर्दै सडक बत्तीको गुणस्तर कायम गराउन, रात्रीकालीन सहरी सौन्दर्यलाई एकनाशको बनाउन ५ हजार ३ सय १८ वटा पोलमा १३ हजार ३ सय ४० वटा बत्ती राखिँदैछन् । यो काम अहिले सार्वजनिक खरिद प्रक्रियामा छ । यसका लागि २०८२ असोज १२ गते सार्वजनिक सूचना प्रकाशित भएको छ । काठमाडौंको भौगोलिक क्षेत्रलाई ४ भागमा विभाजन गरेर काम गर्ने योजना अनुरुप ४ वटै प्याकेजमा प्रक्रिया अगाडि बढेको नेपालीले बताए । पूर्व क्षेत्रमा वडा नं. ६, ७, ८, ९, १०, ३१ र ३२ गरी ७ वटा वडा पर्छन् । वहुवर्षिय योजना अन्तर्गत यी वडामा सडक बत्ती राख्न २६ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

# नोजा अनर अवार्डको निर्णायकमा गिरी



**काठमाडौं/मस-**'नेशनल नोजा अनर अवार्ड-२०८२' को निर्णायक बरिष्ठ शिक्षाविज्ञ यादव गिरी बनेका छन् । 'राष्ट्रिय अनलाइन पत्रकार संघ' (नोजा)द्वारा काठमाडौंमा आयोजित कार्यक्रममा उनले सो भूमिका निर्वाह गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा.चिरञ्जीवी नेपाल र आयोजक संस्थाका अध्यक्ष मुकुन्द ढुंगानाले गिरीलाई सम्मानसहित प्रमाणपत्र प्रदान गरेका छन् । 'समाज रुपान्तरणका लागि युवापंक्तिलाई नेतृत्व गर्दै सामाजिक क्षेत्रमा सक्रिय भई युवा वर्गलाई शैक्षिक एवं सामाजिक जागरणको कार्यमा अग्रसर गराउँदै नेपाली समाजको बृहत् विकासका लागि शैक्षिक विज्ञका रुपमा रहेर यहाँले पुऱ्याउनुभएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै राष्ट्रिय अनलाइन पत्रकार संघ (नोजा)द्वारा आयोजित नेशनल नोजा अनर अवार्ड-२०८२ मा यहाँलाई निर्णायक मण्डलमा राखिएको प्रमाणपत्र उपलब्ध गराईन्छ' गिरीलाई प्रदान गरिएको नेपाल र ढुंगानाको हस्ताक्षरित पत्रमा उल्लेख छ ।

गिरी यसअघि पनि थुप्रै शैक्षिक तथा अन्य कार्यक्रमहरूमा निर्णायक मण्डलको रूपमा रहिसकेका छन् । उनले दाङको शान्ति निकेतन विद्यालयद्वारा आयोजित 'राष्ट्रिय क्विज प्रतियोगिता-२०१६' मा (निर्णायक मण्डल),'राष्ट्रिय स्तरको शिक्षा कार्यक्रम-२०१९' मा (प्रमुख निर्णायक मण्डल), प्याब्सनद्वारा आयोजित 'राष्ट्रिय स्तरको वक्तृत्वकला प्रतियोगिता-२०२३' मा (प्रमुख निर्णायक मण्डल), दाङमा प्याब्सनद्वारा आयोजित 'मेधवी छात्रा (मेरिटोरियस गर्ल्स) प्रतियोगिता-२०२४' मा (प्रमुख निर्णायक मण्डल), प्याब्सनद्वारा आयोजित 'राष्ट्रिय स्तरको कविता प्रतियोगिता-२०२४' मा (निर्णायक), स्पाइनी ब्याबलर मुभिज प्रा. लि.द्वारा आयोजित 'स्पाइनी ब्याबलर फिल्म फेस्टिवल-२०२४' मा (निर्णायक) कुशल निर्णायकको भूमिका निर्वाह गरिसकेका छन् ।

यस्तै, गिरी नागरिक क्रिएशन प्रा.लि.द्वारा आयोजित 'विशेष नागरिक सिर्जना पुरस्कार र कला सम्मान-२०२५' र अमोल भगत मिडियाद्वारा आयोजित 'अन्तरष्ट्रिय आइकन पुरस्कार-२०२५' को पनि प्रमुख निर्णायक मण्डल सदस्य भए । नागरिक सिर्जना प्रा.लि. द्वारा आयोजित 'विशेष नागरिक सिर्जना पुरस्कार तथा कला सम्मान-२०२५' का लागि प्रमुख निर्णायक मण्डल सदस्य अनि अमोल भगत मिडिया आदिद्वारा आयोजित 'अन्तर्राष्ट्रिय आइकन पुरस्कार-२०२५' का लागि समेत प्रमुख निर्णायक मण्डल सदस्य भइसकेका छन् । गिरी बरिष्ठ शिक्षाविद्को रुपमा परिचित छन् ।

# अर्घाखाँचीमा नवौं बृहत् काग सम्मेलन



रेडियो स्टेसनका छतमा राखिएका स्पिकरमार्फत कागको आवाज निकाल्दै कागहरूलाई बोलाएका थिए ।

उनको आवाज सुनेर कागहरू स्पिकर रहेको भवनसम्म आइपुगेका दृश्य स्थानीय बासिन्दाले रमाइलोका साथ अवलोकन गरेका थिए । अधिकारीले विगत नौ वर्षदेखि निरन्तर रेडियोमार्फत काग सम्मेलन गर्दै आएका छन् । उनले भने,'यो वर्षको काग सम्मेलनको उद्देश्य नेपालमा बढ्दो बेरोजगारी, युवा विद्यार्थीको विदेश पलायन, सरकारको गैरजिम्मेवार नेतृत्व र बढ्दो भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउनु हो ।'

उनका अनुसार यस वर्षको सम्मेलनले भ्रष्टाचारविरुद्धको आवाज, जेन्जी आन्दोलनका मागहरूको सम्बोधन, र देशमा सुशासन तथा समृद्धि स्थापना गर्ने सन्देश दिएको छ । युवाप्रेमी र प्रतिभाशाली व्यक्तित्वका रूपमा परिचित अधिकारीले विगत नौ वर्षदेखि निरन्तर काग सम्मेलन गर्दै आएका छन् ।

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ कात्तिक

यमपञ्चकको पहिलो दिन आइतबार काग तिहारको अवसरमा अर्घाखाँचीमा नवौं बृहत् काग सम्मेलन-२०८२ सम्पन्न भएको छ । अर्घाखाँचीको सामुदायिक रेडियो देउराली १०१ मेगाहर्जको संयोजनमा देशभरका एफएम स्टेसनहरूबाट एकैसाथ सम्मेलनको प्रसारण गरिएको थियो ।

काग तिहारको पहिलो दिनलाई विशेष बनाउँदै हरेक वर्षझैं यसपटक पनि हास्यकलाकार तथा वरिष्ठ काग विशेषज्ञ भुवनेश्वर अधिकारीको प्रमुख उपस्थितिमा काग सम्मेलन आयोजना गरिएको हो । अधिकारीले विभिन्न एफएम

# सागरिकाले हात पारिन् टेलिभिजन प्रस्तोताको अवार्ड



**काठमाडौं/मस-** कुनै बेला नेपालको सबैभन्दा धेरै पारिश्रमिक लिने टिभी होस्ट र रेडियो उद्घोषकका रूपमा परिचित लोकप्रिय टेलिभिजन कार्यक्रम प्रस्तोता सागरिका श्रेष्ठले यस वर्षको 'नेसनल नोजा अनर अवार्ड-२०८२' हाता पारेकी छन् । 'राष्ट्रिय अनलाइन पत्रकार संघ'(नोजा)द्वारा काठमाडौंको बालुवाटारमा सम्पन्न कार्यक्रममा उनलाई प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपाल र आयोजक संस्थाका अध्यक्ष मुकुन्द ढुंगानाले सम्मानसहितको प्रमाणपत्र प्रदान गरेका हुन् ।

सागरिकालाई प्राप्त प्रमाणपत्रमा नेसनल नोजा अनर अवार्ड-२०८२ अन्तर्गत टेलिभिजन प्रस्तोताको अवार्डबाट सम्मानित गरिएको उल्लेख छ ।

उनी हाल अमेरिकाको न्यूयोर्कस्थित राज्य सभाको सहायक सञ्चार संयोजक भएर काम गरिरहेकी छिन् । 'सेन्ट मेरी हाइस्कूल'पछि 'एस इन्स्टिच्युट अफ म्यानेजमेन्ट'मा स्नातक अध्ययन गरेकी सागरिकाले 'एस.आइ.यू.ई.' बाट 'एप्लाइड कम्युनिकेसन'मा स्नातकोत्तर गरेकी हुन् । न्युयोर्कको 'येसिवा विश्वविद्यालय'बाट 'डिजिटल मार्केटिङ' र 'मिडिया'मा समेत स्नातकोत्तर गरेकी छन् ।

यसअघि सागरिका विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मान, पुरस्कार तथा अवार्डबाट विभूषित भएकी छन् । डिनको अनुसन्धान छात्रवृत्ति-येशिवा विश्वविद्यालय-२०२३, स्नातक विद्यार्थी नेता पुरस्कार-२०२३, स्नातक विद्यार्थीहरूको लागि अनुसन्धान अनुदान-२०२२, स्नातक विद्यार्थीका लागि कला र विज्ञान कलेजको लागि मिक्किलिनेनी परिवार छात्रवृत्ति, सम्मान दिवस-२०२२, ७२औं वार्षिक सम्मेलन २०२२ का लागि माइकल हेली यात्रा आदि यसैका केही उदाहरण हुन् ।

# ‘परान’को ट्रेलरमा बाबुछोराको सम्बन्धको कथा

**काठमाडौं/मस-** हास्य कलाकारका रूपमा परिचित दीपकप्रसाद आचार्य ‘काकु’को निर्देशनमा बनेको नयाँ नेपाली फिल्म ‘परान’को ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार राजधानीमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको ट्रेलरले परिवार, सम्बन्ध र संघर्षका गहिरा भावनालाई उजागर गर्दै दर्शकमा कौतुहल जगाएको छ ।

ट्रेलरमा मुख्य रूपमा अभिनेता नीर शाहको चरित्र केन्द्रमा राखिएको छ, जसमा बाबु र छोराबीचको सम्बन्धका आरोह-अवरोहलाई भावनात्मक रूपमा प्रस्तुत गरिएको छ । बाबुले सन्तानप्रति राखेको अपेक्षा र त्यसमा आउने निराशाको चित्रण मार्मिक संवादका माध्यमबाट गरिएको छ । ‘के सन्तानले बाबुआमाको चाहना पूरा गर्न सक्छन् ?’ भन्ने प्रश्न फिल्मको मूल भावनात्मक धागो बनेको छ । कात्तिक १४ गतेदेखि प्रदर्शनमा आउन लागेको ‘परान’मा नीर शाहसँगै मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविन खतिवडा, बुद्धि तामाङ, बबिन राई, र यमन श्रेष्ठले अभिनय गरेका छन् । फिल्ममा शिवराम श्रेष्ठको छायांकन, मित्र डी. गुरुङको सम्पादन र गगन थापा मगरको ब्याकग्राउन्ड स्कोर रहेको छ ।



‘सासले होइन, साथले चल्ने’ भन्ने ट्यागलाइन बोकेको यस फिल्मको निर्माणमा गोल्छा समूह र प्रिज्मा एड्भर्टाइजिङ समूहबीच सहकार्य भएको छ । शेखर गोल्छा र रञ्जित आचार्य सह-निर्माता हुन् । उद्योग क्षेत्रका शेखर गोल्छाले यसै फिल्ममार्फत चलचित्र निर्माणमा डेब्यू गरेका छन् र आगामी वर्षहरूमा पनि नियमित रूपमा फिल्म निर्माण गर्ने योजना व्यक्त गरेका छन् ।

अभिनेता नीर शाहले आफ्नो लागि चलचित्र ‘परान’ विशेष रहेको बताएका छन् । उनले आफ्नो झन्डै छ दशकको कलाकारिता यात्रामा यो चलचित्र एउटा परीक्षा भएको बताए ।

उनले भने, ‘मैले चलचित्रमा धर्मनाथको भूमिका निर्वाह गरेको छु । यो पात्रसँग कहीँकतै मेरो मनोविज्ञान जोडिएको छ, सोही कारण यसको कथा सुन्नेबित्तिकै मैले अभिनय गर्न सहमति दिएको हुँ । मेरो चलचित्रकर्मीमा यस्ता प्रस्ताव निकै कम आएका छन्, त्यसैले मैले यो भूमिका निर्वाह गरेँ । यसले अहिलेको नेपाली समाजको चित्रण गरेको छ ।’

अभिनेता शाहले चलचित्रमा आफूले पात्रलाई निर्वाह गर्न सतप्रतिशत मेहनतको भन्दै यसको मूल्यांकन दर्शकले गर्ने बताए । अभिनेता मदनकृष्ण श्रेष्ठसँगै अन्य सहकर्मी कलाकारसँग चलचित्रमा काम गर्दा केही नयाँ विषयबारे सिक्ने अवसर पाएको उनले धारणा राखे ।

‘मेरा लागि यो एउटा पाठशाला झैं भयो । मेरा सहकर्मी कलाकारसँग धेरै र नयाँ कुरा सिक्न र बुझ्न पाएँ । मैले अभिनय गरेको छ दशक हुँदा आफूले निर्वाह गरेको यो भूमिकाका बारेमा मैले भन्ने धेरै कुरा छैन, दर्शकले चलचित्र भवनसम्म पुगेर मूल्यांकन गरिदिनुहुनेछ भन्ने विश्वास छ,’ अभिनेता शाहले भने । उनले दर्शकलाई चलचित्र हेरेर मूल्यांकन गरिदिन आग्रह पनि गरे ।

अभिनेत्री केकी अधिकारीले चलचित्रले एउटा परिवारमार्फत वर्तमान समाज र देशलाई चित्रण गरेको बताइन् । उनले भनिन्, ‘यो कथा सबैसँग जोडिएको छ । एउटा परिवारमा सबैले राम्रो गर्न खोज्दाखोज्दै पनि आउने घटनाक्रम चलचित्रको विषय हो । यो चलचित्रमा देखाए जस्तो परिवार सबैको चाहना हुन्छ, मैले यसमा माइली बुहारीको भूमिका निर्वाह गरेकी छु ।’ निर्देशक दीपकप्रसाद आचार्य ‘काकु’ले चलचित्र ‘परान’ को मुख्य कथा आफ्नै परिवारको भए पनि यसले अधिकांश नेपालीको व्यथा देखाउन खोजेको विश्वास व्यक्त गरे ।

‘यो कथाको कल्पना मलाई मेरो परिवारबाट आएको हो । तर, चलचित्र हेर्दा सबैले मेरो कथा वा मेरो समाजको कथा भन्नु हुनेछ । मैले एउटा कथाकार वा निर्देशकका रूपमा देखेको पात्रलाई सबै कलाकारले जीवन बनाउनुभएको छ । म पहिलो निर्देशकीय चलचित्रमा पात्रलाई न्याय गर्ने कलाकारसँग काम गर्न पाउँदा निकै उत्साहित छु,’ उनले भने ।

बाइस्कोप सिनेमा प्रा.लि.को ब्यानरमा बनेको फिल्मको कथा तथा निर्देशन दीपकप्रसाद आचार्यकै हो ।

# ‘वरिष्ठ बलराम’मा विजय फरक क्यारेक्टरमा

**काठमाडौं/मस-** कात्तिक ६ गतेको भाइटीकामा दर्शकले पुनः अभिनेता विजय बराललाई ठुला पर्दामा हेर्ने मौका पाउने भएका छन् । चर्चित फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’बाट अभिनय यात्रा नयाँ उचाइमा पुगेका बराल अब ‘वरिष्ठ बलराम’मा फरक मुड र ऊर्जा लिएर देखा पर्न लागेका छन् ।




यो चलचित्रले नायक बराललाई एकदमै फरक क्यारेक्टरमा प्रस्तुत गर्न लागेको छ- जहाँ उनी एक ‘यङ एन्ड एनर्जेटिक’ युवकका रूपमा समाजमा ‘वरिष्ठ’ बनेर बसेका शक्तिशाली पात्रसँग जुध्दै अघि बढ्छन् । राज्य संयन्त्र र सत्ता-सञ्चालनको जालोमा बसेको व्यक्ति (दयाहाङ राई)का विरुद्ध आवाज उठाउने, न्याय खोज्ने र एकाधिकार तोड्ने पात्रका रूपमा विजय देखिनेछन् ।

बराल भन्छन्, ‘पूर्णे र बिकेपछि दर्शकले मलाई विशेष रूपमा चिनेका छन् । तर त्यही छविलाई भत्काएर नयाँ पात्र बन्कनु सजिलो छैन । दर्शकले ‘बले’लाई रुचाउँछन् कि रुचाउँदैनन् भन्ने जिज्ञासा आफैंलाई पनि छ । तर कहिलेकाँही सादा कुरा नै हिट हुन्छन्, भन्ने विश्वास छ ।’

चलचित्रमा दयाहाङ राई ‘वरिष्ठ’का भूमिकामा छन् भने बरालको पात्र ‘बले’ हो । तर कथाले ‘बले’ र ‘बलराम’बीचको सम्बन्धलाई रहस्यमय रूपमा राखेको छ । उनी बलेमै सीमित रहन्छन् वा बलराममा रूपान्तरण हुन्छन्, त्यो खुलाइएको छैन । निर्माण पक्षले यसको खुलासा नगरे पनि, दुई पात्रबीचको वैचारिक र सामाजिक द्वन्द्वले फिल्मको मेरुदण्ड बनेको विश्वास गरिएको छ। दर्शकबीच अहिले नै उत्सुकता छ- ‘पूर्ण बहादुरको सारङ्गी’मा बुढो सारङ्गीवादकको भूमिकाबाट सबैलाई चकित पारेका बराल अब आधुनिक समाजका बलराम बनेर कस्तो सन्देश दिन्छन् ?

चलचित्रको निर्देशन सुरेन्द्र पौडेलले गरेका हुन्, जसको कथानक र सम्पादन पनि उनीकै जिम्मामा छ । पटकथा महेश दवाडीले लेखेका छन् । निर्माण वृषभ सिद्धी इन्टरटेनमेन्ट र आन्भी फिल्म्सको सहकार्यमा भएको हो ।

निर्मातामा आशिष एच. तामाङ र श्रीराज कार्की छन् भने कार्यकारी निर्माता प्रदीप जी. धामी र पुस्कर बी. घिमिरे हुन् । लाइन प्रोडुसरको रूपमा राम विष्ट रहेका छन् ।

चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी र प्रदीप कुमार चौधरी (पिके)लगायतका कलाकारको अभिनय समावेश छ ।

छायांकन मनकृष्ण महर्जन, संगीत प्रशान्त शिवाकोटी, एक्सन निर्देशन सम्राट बस्नेत, र नृत्य निर्देशन प्रदीप लामाका छन् ।

# ‘पिआर’ मंसिर २६ मा प्रदर्शन हुँदै

**काठमाडौं/मस-** नेपाली चलचित्र क्षेत्रमा ‘ड्रिम्स’, ‘होस्टेल’, ‘गाजलु’ जस्ता युवामुखी कथाहरूका लागि परिचित निर्देशक शोभित बस्नेतले यसपटक परदेशी जीवनका संघर्ष र संवेदनालाई पर्दामा उतारेका छन् ।

उनले निर्देशन गरेको नयाँ फिल्म ‘पिआर’ आगामी मंसिर २६ गतेबाट देशव्यापी प्रदर्शनमा आउने भएको छ । निर्माण पक्षले काग तिहारको अवसरमा आइतबार एक औपचारिक कार्यक्रममार्फत फिल्मको प्रदर्शन मिति सार्वजनिक गरेको हो ।

‘पिआर’ को अर्थ स्थायी बसोबास हो- जुन सपना धेरै नेपाली युवाले विदेशमा पूरा गर्न चाहन्छन् । यही विषयलाई आधार बनाएर तयार गरिएको फिल्मले अस्ट्रेलियामा बस्ने नेपाली विद्यार्थीहरूको संघर्ष, सम्बन्ध र आत्मपहिचानको खोजीलाई कथा-वस्तु बनाएको छ ।

फिल्मको छायांकन अस्ट्रेलियाको मेलबर्न, सिड्नी, ब्रिसबेन र न्यूक्यासल लगायतका सहरमा र नेपालका विभिन्न ठाउँमा गरिएको हो । विदेशमा बस्ने नेपालीहरूको वास्तविक जीवनका अनुभव र मातृभूमिप्रतिको भावनात्मक सम्बन्धलाई निर्देशक बस्नेतले यथार्थपरक रूपमा चित्रण गरेको दाबी छ ।

सलोन सलिना फिल्म्सको ब्यानरमा बनेको यस चलचित्रमा नीर शाह, गौरी मल्ल, दिक्पाल कार्की, आरए सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, म्याक्स गणेश बुढाथोकी, कृष्ण थापा, नवीन घायललगायत कलाकारको अभिनय रहेको छ ।

फिल्मका प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् भने लक्ष्मण सापकोटा र प्रदीप दाहाल निर्माता हुन् । निर्देशक बस्नेत आफैंले फिल्मको कथा लेखेका हुन्, गणेश बुढाथोकीले पटकथा र संवाद तयार पारेका छन् ।

छायांकनमा सौरभ सायमी (अस्ट्रेलिया) र सौरभ लामा (नेपाल)ले काम गरेका छन् भने बन्दे प्रसादले सम्पादन र मानस राज र भीम बीसीले संगीत निर्देशन गरेका छन् । निर्माण टोलीका अनुसार ‘पिआर’मा रोमान्स, एक्सन र सामाजिक सन्देशको मिश्रण छ । कथा प्रेम र पारिवारिक सम्बन्धसँगै विदेशमा हुने सामाजिक अन्तरविरोध र संस्कृतिको टकरावमा पनि केन्द्रित छ ।

# फुलाराले पाए ‘उत्कृष्ट लिटरेसी अनर अवार्ड’

**काठमाडौं/मस-** साहित्यकार भीष्मराज फुलाराले ‘नेसनल नोजा अनर अवार्ड-२०८२’ अन्तर्गतको ‘उत्कृष्ट लिटरेसी अनर अवार्ड’ पाएका छन् । ‘राष्ट्रिय अनलाइन पत्रकार संघ’ (नोजा)द्वारा काठमाडौंमा आयोजित कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपाल र आयोजक संस्थाका अध्यक्ष मुकुन्द ढुंगानाले उनलाई सो अवार्डसहित प्रमाणपत्र प्रदान गरेका हुन् ।



‘समाज रुपान्तरणका लागि नेपाली साहित्य, कला र संस्कृतिको माध्यमबाट युवापंक्तिलाई नेतृत्व गर्दै नेपाली समाज विकासका लागि यहाँले पुर्याउनुभएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै राष्ट्रिय अनलाइन पत्रकार संघ (नोजा)द्वारा आयोजित नेसनल नोजा अनर अवार्ड-२०८२ अन्तर्गत उत्कृष्ट लिटरेसी अनर अवार्डबाट यहाँलाई सम्मानित गदर्छौं,’ फुलारालाई प्राप्त प्रमाणपत्रमा उल्लेख छ ।

यसअघि पनि फुलाराले राष्ट्रियस्तरका थुप्रै पुरस्कार, सम्मान र अवार्ड पाइसकेका छन् । उनले ‘पिम नेपाल फिल्म फेष्टिवल-२०२०’, ‘दोस्रो नागरिक क्रियशन अवार्ड-२०८०’, ‘दोस्रो विराट एण्ड फिल्म अवार्ड-२०८०’, ‘विशेष नागरिक सम्मान-२०८१’, ‘राष्ट्रिय विशेष नागरिक पुरस्कार एवं स्रस्टा सम्मान-२०८१’ (निर्णायक संयोजक), ‘नेशनल क्रियटिभ सिटिजन अवार्ड-२०२३’, ‘तेस्रो स्पाइनी ब्याब्लर अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०२३’, ‘नेशनल ओप्सना म्युजिक अवार्ड-२०२४’ आदिमा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन् । उनले आधा दर्जन पुस्तक र एक दर्जन बढी गीत पनि लेखिसकेका छन् ।


## इन्द्रेणी मसरुम फार्म लिमिटेड
**चन्द्रागिरी १२, बलम्बु काठमाण्डौं**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रकाशित मिति २०८२/०७/०३)**

यस संस्थाद्वारा चालु आ.व. २०८२/०८३ मा तपसिल बमोजिमका कार्य ठेक्काबाट गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त संस्था/फर्म/कम्पनीबाट शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ। बोलपत्र फारम आजको मितिले १५ दिन समय भित्र निर्धारित समय भित्र चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितको रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तपसिल बमोजिमका बोलपत्र दस्तुर बुझाएको भौचर वा कम्पनिको चेक सहित शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध छ। पूर्ण सूचनाको लागि यस संस्थाको सूचनापाटी तथा यस कम्पनीको वेवसाइट https://imf.com.np/ मा हेर्न वा डाउनलोड गर्न अनुरोध छ। शिलबन्दी कोटेशन बुझाउनु अन्तिम मिति २०८२/०७/१७ गते सोमबारको दिन १२:०० बजे सम्म हुने साथै सोही दिनको २:०० बजे खोलिनेछ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | फारम दस्तुर रु. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता नं. | धरौटी रकम | लागत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | IMF/C/ 002/082-83 | शिलबन्दी दरभाउपत्र | Construction of Civil Infrastructer for Mushroom Farm (Samari , Hetauda) | ३०००।० | Indreni Mushroom Farm Limited खाता नं.: ०५०८४०१२१४६३९०२५ कृषि विकास बैंक लि, पालुङ्ग | लागत इष्टिमेटको २.५ प्रतिशत | ५,६०,११,०८१/८५ |



## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पिस्कर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**
**२०७३**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०७/०२**

यस गाउँपालिकाबाट प्रकाशित **Piskar Motorbato Dhalan** र **Tungathali-Ghorthali Motorbato Dhalan** कार्यको लागि बोलपत्र आह्वान गरिए बमोजिम ठेक्का नः **TSRM/NCB/WORKS/2082/083-01** र **TSRM/NCB/WORKS/2082/083-02** कार्यका लागि पर्न आएको तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३, दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि आशय-पत्रको सूचना जारी गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कुल कबोल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | TSRM/NCB/ WORKS/2082/083-01 | Thasang Developers Company Pvt. Ltd, Kathmandu | ९७,०६,२६५।३९ (भ्याट सहित) | PE's Estimate (भ्याट सहित) भन्दा ३१।१२% घटी |
| २ | TSRM/NCB/ WORKS/2082/083-02 | Bhupen Unnati Nirman Sewa, Tinkune, Kathmandu | १,००,५८,८९९।८२ (भ्याट सहित) | PE's Estimate (भ्याट सहित) भन्दा ४२।१३ % घटी |

**प्रमुख प्रशासकिय अधिकृत**



**HUAWEI**

**Huawei Technologies Nepal Company Private Ltd** is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

# VACANCY

**1. Position: Wireless Engineer (Expert)**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Deliver the wireless products from a product field and ensure the product installation, supervision and commissioning.
- Ensure delivery quality, progress, smooth operation and maintenance.
- Address tricky service problems in the respective product field, and lead the resolution of key problems.
- Deliver advanced courses for the product field, ensure that the serviceability measures can be adopted, and optimize delivery modes.
- Responsible for capacity planning, GSM frequency planning and frequency hopping by applying carrier/ interference (C/I) ratio analysis.
- Provide guidance for lower-level staff to improve their capabilities.

**Qualification:**
- Bachelor Degree in Engineering (Electrical/ Computer Science/ Communication) or equivalent.
- Minimum 5 years or more experience in telecom project and familiar with Huawei equipment and network system.
- In depth understanding of global telecom industry.
- Should have good communication skills, ability to work in team, proactive and result oriented
- Self-motivated, result oriented and a team player with good communications skills and attitude.
- Good Proficiency in English Language both spoken and written. Chinese language proficiency will be an added advantage.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at *nepal@huawei.com* by 28th *October, 2025*. Preference will be given to Nepalese citizens.**



## मलेसियामा रोजगार

कम्पनी : YUNG HENG POULTRY TRADING SDN.BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८३ — LT. No.: 327771 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 6 | 0 | स. काममा दक्ष | 1700 | ५६,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BISMI CERGAS SDN.BHD. — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०४/१४ — चलानी नं.: ६०२४२०५९ — LT. No.: 328172 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 29 | 0 | स. काममा दक्ष | 1700 | ५६,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता सामाखुसी काठमाडौंमा २०८२ कार्तिक ११,१२,१३,१४ गते (28,29,30,31 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८१३/०६५/०६६

**PANGENI HUMAN RESOURCES PVT. LTD.**
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४९८६६००/४९८६२०४
मो.: ९८४१५८२९५८, ९८१३३५६३८०, ९८६२६६०६६१, ९८५११३१०७२
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com



## साउदीमा रोजगार

कम्पनी: COFFEE QUALITY FOR BEVERAGES SERVICES EST. — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०६/०१ — चलानी नं.: ६०२४६३६६ — L.T. No.: 332664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Controller | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: GHAITI FOR BEVERAGE EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०६/०१ — चलानी नं.: ६०२४६३६५ — L.T. No.: 332663

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Controller | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १० गते (27 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**PIGEON H.R. SOLUTIONS PVT. LTD.** Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौ, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com,Website: www.pigeonhr.com

## MALAYSIA मा रोजगार

कम्पनी: AMD SECURITY GUARD SERVICES SDN.BHD — शहर: Kualalumpur
पूर्व स्वीकृत मिति: २०८२/०७/०१ — चलानी नं.: ६०२४६३४९ — LT. No.: 332564

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ५६,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ कात्तिक ११ गते (28 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**BHUMIPUTRA FOREIGN EMPLOYMENT SERVICE PVT.LTD.**
Saraswoti Marga-02, Gairidhara, Kathmandu, Nepal
Tel: 01-5917711, 01-5917811 , Email: bhumiputraemployment@gmail.com
Mobile No: 9802377378, 9802377375. Website: bhumiputraemployment.com
श्रम इजाजत नं. १०९४/०७३/०७४



डोल्पा जिल्लामा अवस्थित शे-फोक्सुन्डो ताल । तस्बिर : राजेन्द्र राना, डोल्पा

# लिलाम बिक्री नहुँदा बैंकको गैरबैंकिङ सम्पत्ति बढ्दै

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २ कात्तिक

अर्थतन्त्र चलायमान नहुँदा बैंकहरूको कर्जा प्रवाह नै हुन सकेको छैन । भदौ २३ र २४ गते भएको आन्दोलनपछि लगानीको वातावरण बिग्रिँदा कर्जा प्रवाह हुन सकेको छैन । त्यसअघि लिएको कर्जासमेत 'डिफल्ट' हुने अवस्था आइरहेको बैंकहरू बताउँछन् । कोरोनापछि बैंकको कर्जा असुलीमा समस्या देखिँदै आएको छ । लिलाम बिक्री नहुँदा बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति बढ्दो अवस्थामा छ । कोरोना सुरु हुनुअघि गैरबैंकिङ सम्पत्ति ६ अर्बमा सीमित थियो तर त्यसपछिको वर्षमा निरन्तर बढिरहेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार २०८२ भदौसम्म बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति ४२ अर्ब ९१ करोड रुपैयाँ पुगेको छ । तर २०८१ भदौमा बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति ३१ अर्ब ३८ करोड रुपैयाँ थियो । एक वर्षमा बैंकहरूको गैरबैंकिङ सम्पत्ति साढे ११ अर्बले बढेको छ । यो अघिल्लो वर्षको तुलनामा ३६ दशमलव ४९ प्रतिशतले धेरै हो । बैंक तथा वित्तीय संस्थामा निष्क्रिय कर्जा बढेसँगै त्यसको असर गैरबैंकिङ सम्पत्तिमा परेको हो । गत वर्ष साउनमा औसत ३ दशमलव ८६ प्रतिशत रहेको बैंक तथा वित्तीय संस्थाको खराब कर्जा यो चालु आर्थिक वर्षको साउनमा ४ दशमलव ६२ प्रतिशत पुगेको छ ।

बैंकहरूले धितो लिलाम गर्न नसक्दा गैरबैंकिङ सम्पत्ति प्रत्येक वर्ष बढिरहेको छ । पछिल्लो समय बैंकहरूको गैरबैंकिङ सम्पत्ति बिक्री हुन सक्दा बैंकको लगानी फस्दै गएको पूर्वबैंकर भुवन दाहाल बताउँछन् । आर्थिक मन्दी र पछिल्लो जेनजी आन्दोलनले अर्थिक कारोबार र घरजग्गाको कारोबारमा समेत सुस्तता आउँदा आगामी दिन अझै गैरबैंकिङ सम्पत्ति बढ्ने देखिन्छ ।

ऋणीहरूले ऋण नतिर्दा बैंकहरूले लिलामी निकालिरहेका छन् तर लिलामी किन्ने व्यक्ति नै नहुँदा बैंकको लगानी ठप्प भएको हो ।

## गैरबैंकिङ सम्पत्ति कुन बैंकको कति ?

२०८२ भदौसम्म गैरबैंकिङ सम्पत्ति सबैभन्दा धैरै ग्लोबल आइएमई बैंकको छ । गत वर्षभन्दा गैरबैंकिङ सम्पत्ति १९ द दशमलव ५४ प्रतिशतले बढेर ६ अर्ब ५ करोड रुपैयाँ कायम भएको राष्ट्र बैंकको तथ्यांक छ। यस्तै, हिमालय बैंकको गैरबैंकिङ सम्पत्ति गत वर्षभन्दा १ सय १२ दशमलव शून्य ८ प्रतिशतले बढेर ५ अर्ब ८२ करोड पुगेको छ। यस्तै एनआइसी एसियाको ५ दशमलव ३९ प्रतिशतले बढेर ४ अर्ब ५१ करोड छ । यस्तै, प्राइम कमर्सियल बैंकको गैरबैंकिङ सम्पत्ति ह्वात्तै बढेको छ । प्राइम कमर्सियल बैंकको गत वर्षभन्दा १ सय २७ प्रतिशतले बढेर ४ अर्ब पुगेको हो । यस्तै, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको ३ अर्ब ४२ करोड, नबिल बैंकको ३ अर्ब ४५ करोड, कुमारी बैंकको २ अर्ब ५२ करोड र लक्ष्मी सनराइज बैंकको २ अर्ब २१ करोड रहेको छ।

यस्तै, एनएमबी बैंकको १ अर्ब ७६ करोड, प्रभु बैंकको १ अर्ब ६७ करोड, कृषि विकास बैंकको १ अर्ब ३४ करोड, सिटिजन्स बैंकको १ अर्ब २६ करोड, सानिमा बैंकको १ अर्ब गैरबैंकिङ सम्पत्ति छ । नेपाल एसबीआई ९४ करोड, सिद्धार्थ ७७ करोड, माच्छापुच्छ्रेको ६० करोड, एभरेस्ट, नेपाल बैंकको ५६ करोड र राष्ट्रिय वाणिज्य बैंकको २५ करोड छ भने स्ट्यान्डर्ड चार्टर्ड बैंकको गैरबैंकिङ सम्पत्ति नै छैन ।

# सरकारले अघि बढायो ५० रुग्ण ठेक्का तोड्ने प्रक्रिया



**काठमाडौं/मस–** सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ५० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ। सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर, पोखरा र सुर्खेत मातहतका सडक डिभिजन कार्यालयले रुग्ण अवस्थामा रहेका ५० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन्। शुक्रबार १७ र शनिबार एक रुग्ण ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको थियो।

सडक डिभिजन कार्यालय जनकपुरले २१, काठमाडौंले सात, ओखलढुंगा तथा अछाम डिभिजनले पाँच/पाँच, पाल्पा तथा दमौलीले चार/चार र धनकुटा, पोखरा, मध्यपहाडी तथा गोरखा सडक योजनाले एक/एक गरी ५० वटा ठेक्का किन नतोड्ने ? भन्दै आइतबार सार्वजनिक सूचना जारी गरेका छन्। सहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए। ती सडकअन्तर्गत २ सय ५८ ठेक्का रुग्ण छन्।

ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माण अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत रूपमा ठेक्का उल्लंघन गरेको उल्लेख गरिएको छ।

विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लंघन गरिएको जनाइएको छ। सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोतसाधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ।

# भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा ६ करोड १० लाख संकलन

**काठमाडौं/मस–** गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' मा हालसम्म ६ करोड १० लाख रुपैयाँ संकलन भएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार आज बिहानसम्म कोषमा छ करोड १० लाख रुपैयाँ संकलन भएको हो ।




जेनजी प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि सरकारले उक्त कोष स्थापना गरेको थियो । कोषमा योगदानका लागि सरकारले सर्वसाधारण नागरिक, निजी क्षेत्र, गैरआवासीय नेपाली, विकास साझेदार, विभिन्न संघसंस्थालगायत दातृ निकायलाई आग्रह गरेको थियो । पुनर्निर्माण कोषमा गरिने आर्थिक सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन वा खर्च कट्टी गर्न पाइने सुविधा सरकारले दिएको छ ।

पुनर्निर्माणका कोषका लागि राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखामा खाता खोलिएको छ ।

# सानिमा बैंकद्वारा ७ दशमलव ३६ प्रतिशत नगद लाभांश पारित




**काठमाडौं/मस–** सानिमा बैंकले ७ दशमलव ३६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकको २१औं वार्षिक साधारण सभाले सो प्रस्ताव पारित गरेको हो ।

बैंकका अध्यक्ष तुकप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न सभाले संस्थापक सेयरधनीतर्फबाट तुकप्रसाद पौडेल, बलराम पराजुली र निशा कुम्पाख सभाबाट निर्विरोध निर्वाचित गरेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा बैंकले २ अर्ब ५७ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ । गत आर्थिक वर्षको तुलनामा बैंकका निक्षेप, कर्जा सापटी र कुल सम्पत्तिमा क्रमशः १३ दशमलव शून्य ९ प्रतिशत, ११ दशमलव २२ प्रतिशत र १२ दशमलव ७० प्रतिशत वृद्धि भएको बैंकले जनाएको छ ।

## दरमखोलाको विद्युत् उत्पादन सुरु

**काठमाडौं/मस–** दरमखोला हाइड्रो इनर्जी लिमिटेडद्वारा प्रवर्धित दरमखोला जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको छ । कम्पनीका अनुसार बाग्लुङ जिल्ला गल्कोट नगरपालिका, बडीगाड गाउँपालिका र गुल्मी जिल्ला मुसीकोट नगरपालिकामा पर्ने सो आयोजनाबाट असोज ३१ गतेदेखि ९.६ मेगावाट विद्युत् उत्पादन प्रारम्भ भएको हो ।

कम्पनीले आयोजनाको सफल सञ्चालनका लागि सहयोग प्रदान गर्ने सबैप्रति आभार प्रकट गरेको छ । कम्पनीले सर्वसाधारणका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरी जारी पुँजीको ३८ दशमलव ३३ प्रतिशत अर्थात् ३९ लाख ५० हजार कित्ता सेयर सर्वसाधारणमा निष्कासन गरी बाँडफाँड सम्पन्न गरेको थियो ।

हाल कम्पनीको चुक्ता पुँजी रकम १ अर्ब ३ करोड ५ लाख पुगेको छ । कम्पनीका अनुसार उक्त सेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा सूचीकरणको प्रक्रियामा रहेको छ ।

# ग्लोबल आइएमईले पायो 'बेस्ट बैंक अवार्ड'




**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंकले दोस्रोपटक ग्लोबल फाइनान्स म्यागाजिनको 'बेस्ट बैंक अवार्ड २०२५' प्राप्त गरेको छ । शनिबार अमेरिकामा आयोजित कार्यक्रममा ग्लोबल फाइनान्सका प्रतिनिधिले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले अवार्ड प्राप्त गरेका छन् ।

विश्वसनीयता, वित्तीय स्रोत परिचालन, पहुँच विस्तार, ग्राहकमैत्री सेवा र क्रेडिट रेटिङजस्ता मापदण्डका आधारमा ग्लोबल आइएमईलाई नेपालका लागि उत्कृष्ट बैंकका रूपमा चयन गरिएको हो । सो अवार्डसहित बैंक लगातार दुई वर्ष (२०२४ र २०२५) ग्लोबल फाइनान्स म्यागाजिनको बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ । अध्यक्ष ढकालले सो सम्मानले बैंकलाई अझ उत्कृष्ट सेवा प्रदान गर्न प्रेरणा मिलेको बताउँदै नेपाल सरकार, राष्ट्र बैंक, सेयरधनी, कर्मचारी र ग्राहकप्रति आभार व्यक्त गरे । ग्लोबल फाइनान्सले यस वर्ष एचएसबिसी (हङकङ), स्टेट बैंक अफ इन्डिया, चाइना कन्स्ट्रक्सन बैंक, युओबी मलेसिया र एसएमबिसी जापानसहित विश्वका विभिन्न बैंकहरूलाई विभिन्न विधामा सम्मान गरेको छ ।

## प्रोटोन इमासको धनगढीमा सोरुम विस्तार




**काठमाडौं/मस–** जगदम्बा मोटर्स प्रालिअन्तर्गतको इलेक्ट्रिक सवारीसाधन ब्रान्ड प्रोटोन इमासले धनगढीको बोराडाँडीमा आफ्नो सोरुम विस्तार गरेको छ । सेल्स, सर्भिस र स्पेयर पार्ट्सका सम्पूर्ण सेवा एकै छानामुनि उपलब्ध गराउने गरी सोरुम विस्तार गरेको हो ।

ग्राहकलाई विश्वस्तरको अनुभव प्रदान गर्न डिजाइन गरिएको यस सेन्टरले धनगढीका प्रोटोन इमासका ग्राहकलाई देशभरको समान प्रिमियम मापदण्डसहितको सुविधा उपलब्ध गराउने जनाएको छ। सोरुम उद्घाटन प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष केशवराज जोशीले गरेका थिए । 'धनगढी सोरुम शैली, प्रदर्शन र दिगोपनासँग गतिशीलताको परिभाषा पुनर्लेखन गर्ने दिशामा हाम्रो यात्राको अर्को महत्वपूर्ण कदम हो,' उद्घाटन समारोहमा जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेतवालले भने ।

# ज्येष्ठ नागरिकलाई हवाई टिकटमा ८० प्रतिशत छुट




**काठमाडौं/मस–** नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई यात्रा गर्ने ज्येष्ठ नागरिकका लागि ८० प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ । आइतबार प्राधिकरणमा सम्पन्न बैठकले ७० वर्ष र सोभन्दा माथिका नागरिकलाई हवाई टिकटमा ५० देखि ८० प्रतिशतसम्मको छुट प्रदान गर्ने निर्णय गरेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक एवं इन्जिनियर प्रदीप अधिकारीको अध्यक्षतामा वायुसेवा सञ्चालक संघका अध्यक्ष र नेपालका आन्तरिक वायुसेवा सञ्चालक कम्पनीका प्रतिनिधिबीच भएको बैठकले सो निर्णय गरेको हो । बैठकले ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई संघीय सरकारद्वारा तोकिएको अधिकतम हवाई भाडादरमा सम्पूर्ण आन्तरिक हवाइमार्गमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको महानिर्देशक अधिकारीले जानकारी दिए ।

उनका अनुसार ७५ वर्षभन्दा माथिका नागरिकलाई ७० प्रतिशत र ८० वर्षभन्दा माथिका नागरिकलाई ८० प्रतिशतसम्म छुट प्रदान गरिनेछ । जुनसुकै उमेर समूहका फरक क्षमता भएका यात्रुको हकमा कम्तीमा ५० प्रतिशत छुट सुनिश्चित गर्ने निर्णय गरिएको उनले बताए ।

आइतबार गरिएको सो निर्णयले हवाई यात्रामा समावेशिता र पहुँचको प्रत्याभूति गर्ने विश्वास गरिएको महानिर्देशक अधिकारीले उल्लेख गरे । उनका अनुसार बैठकमा सहभागी वायुसेवा कम्पनीलाई सो निर्णय आइतबारदेखि लागू गर्न निर्देशन दिइएको छ। सोहीअनुसार सम्बन्धित सबै आन्तरिक वायुसेवा कम्पनीले तत्काल निर्णय कार्यान्वयनमा लैजानुपर्ने प्राधिकरणले जनाएको छ ।

यस योजनाले ज्येष्ठ नागरिकको हवाई यात्रालाई सहज, सुलभ र किफायती बनाउने विश्वास प्राधिकरणले लिएको छ । विशेषगरी दुर्गम भेगमा रहेका ज्येष्ठ नागरिकका लागि यो निर्णय प्रभावकारी हुने महानिर्देशक अधिकारीले विश्वास व्यक्त गरे ।

'नेपाल नागरिक उड्डयन प्राधिकरणले ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरिक तथा अन्य यात्रुको हितमा आगामी दिनमा अझ धेरै जनमुखी नीति कार्यान्वयन गर्दै लैजानेछ,' उनले भने ।

# तिहारका लागि मुस्ताङमा भेडाच्यांग्रा बिक्री

**मुस्ताङ/मस–** मुस्ताङमा तिहार पर्वका लागि भेडाच्यांग्रा बिक्री गर्न थालिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार तिहारका लागि मुस्ताङ र डोल्पाबाट झण्डै एक हजार भेडाच्यांग्रा बिक्री गरिएको छ ।

यसअघि दसैंमा मुस्ताङसहित डोल्पा, मुगु, जुम्लालगायत स्थानबाट १६ हजार भेडाच्यांग्रा बेनी-जोमसोम सडकमार्ग हुँदै बिक्रीका लागि अन्यत्र लगिएको पशु चिकित्सक लालमणि अर्यालले जानकारी दिए । दसैं तथा तिहारमा भेडाच्यांग्राको माग अत्यधिक हुने गरेको उनले भने । घरपझोङ-४ जोमसोमका व्यापारी पेम्बाछिरिङ रोकायाले ८० च्यांग्रा तिहारका लागि बजारमा पुर्‍याएका छनन् । उनले दसैंमा ३०० च्यांग्रा बिक्रीका लागि पोखरा पुर्‍याएका थिए । मुस्ताङबाट खेदाएर बैंसी झार्दै गरेका व्यापारी रोकायले म्याग्दीको तातोपानीबाट ट्रकमा ढुवानी गरी पोखरा पुर्‍याएका हुन् ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**